वर्ष : १३, अंक : ३३, काठमाडौं, २०७४ मंसिर २२ गते शुक्रबार 8 December 2017, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

# ऐतिहासिक निर्वाचनको यात्रा सम्पन्न
# मधेशको समृद्धि शुरू हुने विश्वास

मधेशवाणी डेस्क

काठमाडौं । संविधानको कार्यान्वयनको महत्वपूर्ण चरण प्रतिनिधि, प्रदेशसभा र स्थानीय निकायको निर्वाचन सम्पन्न भएकाले अब राजनीतिक स्थिरतासहित आर्थिक समृद्धि यात्रा तल्लो तहबाट शुरू हुने विश्वास लिइएको छ ।



राजनीतिक संक्रमणकालको अन्त्य भएर मुलुकमा स्थिरता कायम हुने र गरिबीको रेखामुनि रहेका एक चौथाइ जनतालाई सम्मानजनक नागरिकका रूपमा ल्याउन सकिने छ ।

प्रमुख राजनीतिक दलले राजनीतिक क्रान्तिको युग सकिएको भन्दै आफ्नो घोषणापत्रमार्फत औद्योगिक वातावरण बन्ने, लगानीका अवसरमा वृद्धि हुने, बेरोजगारीको अन्त्य हुने र लगानीकर्तामा समेत नयाँ विश्वास र आशा व्यक्त गरिएको हो । तीनै तहको निर्वाचन सफलतापूर्वक सम्पन्न भएपछि अब मुलुक समृद्धिको बाटामा अगाडि बढ्ने छ । राजनीतिक एजेण्डा अब सकिएकाले अबको मुख्य कार्यसूची आर्थिक समृद्धि हो । राजनीतिक दलहरू आर्थिक समृद्धिको यात्रामा सहयात्रा गर्ने विश्वास पनि पलाएको छ ।

दोस्रो चरणको निर्वाचनमा मधेशका जिल्लाहरूमा ६० प्रतिशतभन्दा बढी मतदान भएको छ । पछिल्लो जानकारीअनुसार सप्तरीमा ६०,कैलालीमा ६७, नारायणी पश्चित र पूर्वमा ७०, धनुषा र रूपन्देशीमा ७०/७०, बाँकेमा ६० पर्सामा ६५ मतदान भएको छ ।

मतदानमा जनताको उत्साहपूर्ण सहभागिताले उनीहरू अब राजनीतिक मुद्दाबाट विकासका लागि दलहरूको साझा प्रयास खोजेका छन् ।

एकै पटक प्रतिनिधिसभा र प्रदेशसभाको समेत निर्वाचन भएका कारण मत दिएको र राम्रा उम्मेदवारले जितुन् भन्ने चाहना मतदातामा देखिएको छ ।

नयाँ तवरको निर्वाचन भएकाले पनि होला मतदाता उल्लेख्य रूपमा सहभागी भएका छन । राम्रा एजेण्डा बोकेका उम्मेदवार विजयी हुन्छन् भन्ने आम जनताको विश्वास छ ।

वृद्धवृद्धादेखि अर्धवैशे उमेरका मतदातादेखि पहिलो पटक सहभागि मतदाता उत्साहपूर्ण रूपमा मतदानमा सहभागी भएका छन् । केही मतदाताले त राजनीतिक दलहरूबीच भएको गठबन्धनले समेत सहज बनाएको बताएका छन् ।

मतदाताले मतदान गरेर आफ्नो दायित्व पूरा गरेका छन् । अब राजनीतिक दलले जनताप्रतिको दायित्व पूरा गर्ने पालो आएको छ । अधिकांश सबै राजनीतिक स्थायित्वतर्फको यात्रामा जनताको सक्रिय सहभागिता भएकोले अब उनीहरूको चाहना राजनीति स्थायित्व रहेको छ ।

**अड्कलबाजी सुरू**

मधेशवादी दल सङ्घीय समाजवादी फोरम, राजपाजस्ता दल मधेशी जनतालाई आफ्नै मूलका नागरिक भएकाले आफ्नो दललाई भोट आउने तथ्यमा बढी विश्वस्त देखिन्छन् र । संविधान संशोधनको मुद्दा उनीहरूको पनि एक प्रमुख चुनावी एजेण्डा हो । पटक-पटक सरकारमा रहँदा मधेशी नेताले आफ्नो ठाउँको विकासका लागि सिन्को नभाँचेको, 'आफूमात्रै बन्ने जनताको वास्ता नगर्ने' आरोप खेप्दै आएका छन् । सरकारमा रहँदासम्म मधेशको विषयमा 'चुँ' नगर्ने, सरकार बाहिर रहँदा ठूला कुरा गर्ने अर्को आरोप मधेशवादी दललाई छ । मधेशी दललाई एकातिर त्यसको पीडा छ भने अर्कोतिर पहिचानको मुद्दालाई स्थापित गर्न सकिन्छ कि सकिँदैन भन्ने त्रास छ । त्यसैले यो निर्वाचन फोरम र राजपका लागि अग्नि परीक्षाको विषय पनि बनेको छ ।

प्रदेश नं २ मा चुनावी परिणामबारे धेरैको अड्कल र विश्लेषण शुरू भएको छ । मधेशी मतदातालाई प्रभाव पार्ने खालका अनेक चुनावी एजेण्डा र प्रलोभनका पोका दलका नेताले बाँडेका छन् । निर्वाचनमा कुन दलले कस्तो सूत्रका आधारमा बाजी मार्छन् त्यो हेर्न अझै केही दिनको प्रतीक्षा गर्नुपर्ने हुन्छ ।

दोश्रो चरणमा ६७ प्रतिशत मतदान

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको दोस्रो चरणमा बिहीबार भएको चुनावमा करीब ६७ प्रतिशत मतदान भएको छ । चुनाव सम्पन्न भएपछि निर्वाचन आयोगले पत्रकार सम्मेलन गरी छिटपुट घटना बाहेक सम्पूर्ण स्थानमा शान्तिपूर्ण रूपमा मतदान भएको जनाएको हो । प्रमुख आयुक्त अयोधीप्रसाद याादवले ७७ वटै जिल्लामा निर्वाचन सफलता पूर्वक सम्पन्न गराउन सहयोग गर्ने सबैलाई धन्यवाद पनि दिए । दोस्रो चरणको निर्वाचनमा प्रतिनिधिसभा सदस्यका लागि १ सय २८ निर्वाचन क्षेत्र र प्रदेशसभा सदस्यका लागि २ सय ५६ निर्वाचन क्षेत्रका गरी ७ हजार ७ सय ५२ मतदान स्थलका १५ हजार ३ सय ४४ मतदान केन्द्रमा मतदान भएको छ ।

पहाडी तथा तराई-मधेसका गरी ४५ जिल्लामा भएको प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको दोस्रो चरणको निर्वाचनमा कूल १ करोड २२ लाख ३५ हजार ९ सय ९३ मतदाता थिए ।

## २२ जिल्लालाई नै मधेश प्रदेश बनाउँछौं : यादव



सप्तरी । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष तथा सप्तरी क्षेत्र नं २ का उम्मेदवार उपेन्द्र यादवले मधेशका २२ वटै जिल्ला मिलाएर मधेश प्रदेश बनाउने दाबी गरेका छन् । प्रदेश नं. २ मा मात्र मधेशकेन्द्रित दल सीमित नगरेको दाबी गर्दै मधेशका २२ वटै जिल्लामा मधेशकेन्द्रित दलको पकड रहेको आशय व्यक्त गरेका हुन् । यादवले मोरङको विराटनगरबाट मतदान गर्दै सो कुरा बताएका हुन् । सप्तरीबाट उम्मेदवार रहे पनि मतदाता नामावली विराटनगरमा रहेकाले उनी मतदान गर्न विराटनगर पुगेका थिए । मतदानपश्चात् उनले मधेशीको हक र अधिकारका लागि मधेशी गठबनधन भएकाले मधेशी जनताले गठबन्धनलाई नै विजयी गराउनुपर्ने बताए । उनले मधेशीको अधिकारको विकल्पमा मधेशी गठबन्धन नै रहेकाले तराई २२ जिल्लालाई नै मधेश प्रदेश बनाउने दाबी गरे ।

## सीके राउत गिरफ्तार



जनकपुरधाम । स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा. सीके राउतलाई प्रहरीले जनकपुरधामबाट पक्राउ गरेको छ । निर्वाचन विरोधी गतिविधि गरेको कारण प्रहरीले राउतलाई गिरफ्तार गरेको बुझिएको छ । डा. राउतले निर्वाचनको पूर्वसन्ध्यामा सामाजिक सञ्जालमार्फत् एक भिडियो सार्वजनिक गर्दै निर्वाचन बहिष्कारका लागि अपिल गरेका थिए । सादा पोशाकमा आएका नेपाली प्रहरीले बिहीबार बिहान ९.३० बजे माछा बजारस्थित भाडाको घरको मुख्य प्रवेश द्वारसँगै अर्को ढोका फुटाली राउतका बच्चासँग दुर्व्यवहार गर्दै डा. राउतलाई निवासबाट गिरफ्तार गरेको गठबन्धनले जनाएको छ । बिना कुनै सूचना, बिना सर्च वारंट, बिना गिरफ्तारी वारंटको उनको निवास को ताल्चा फुटाई, अनाधिकृत प्रवेश गरी उनको सहायक सत्यनारायण खंगलाई धम्काउँदै, घर को खनतलासी लिई, डा. राउतको निजी कम्प्यूटर, हार्ड ड्राइव, मोबाइल, खंगको मोबाइल कब्जामा लिई डा'. राउतलाई गिरफ्तार गरेको गठबन्धनका सहसंयोजक कैलास महतोले विज्ञप्तिमा उल्लेख गरेका छन् । गठबन्धनले राउतको रिहाईका लागि आग्रहसमेत गरेको छ । राउतलाई जनकपुरमै राखिएको छ ।

## मंसिर २२ लाई कालो दिन मनाउन गोइतको आह्वान



काठमाडौं । जनतान्त्रिक तराई मुक्ति मोर्चा (क्रान्तिकारी)का अध्यक्ष जयकृष्ण गोइतले ८ दिसम्बर अर्थात् मंसिर २२ गतेलाई कालो दिन मनाउन आह्वान गरेका छन् । गोइतले बिहीबार एक विज्ञप्ति जारी गरी ८ दिसम्बर, १८१६ ब्रिटिश ईष्ट इण्डिया कम्पनीद्वारा तराई र तराईका मूल निवासीहरूलाई नेपालको गुलाम बनाउने दुई सय एक वर्ष पुरा हुन गइरहेको जनाउँदै सो दिनलाई कालो दिनको रूपमा मनाउन आह्वान गरेका हुन् । 'इतिहास साक्षी छ कि ०८ दिसम्वर, १८१६ का दिन चीनदेखि भय-आक्रान्त ब्रिटिश ईष्ट इण्डिया कम्पनीले नेपाललाई चीनको पक्षमा जान नदिन नेपालका राजाको स्वीकृति र अनुमोदनका लागि स्मरण-पत्र प्रस्तुत गऱ्यो । हाम्रो मातृभूमि 'तराई'का मेची नदीदेखि राप्ती नदीसम्म तथा वर्तमान नेपाल-भारत सीमादेखि उत्तरका भू-भाग मात्र स्मरण-पत्रको कुटिल चालद्वारा कम्पनीले नेपाललाई दिएन, तराईवासीहरूलाई नेपालको गुलाम बन्न समेत विवश पारियो ।' गोइतले विज्ञप्तिमा उल्लेख गरेका छन् । विज्ञप्तिमा भनिएको छ, 'स्मरण-पत्रको बूँदा -७ मा उल्लेख गरियो कि यदि किसानहरूको अतिरिक्त तराईवासीहरू मध्येबाट कुनै व्यक्ति सम्पति त्याग गरी कम्पनीको क्षेत्रमा बस्न चाह्यो भने उसको लागि कुनै अवरोध खडा गरिने छैन ।' ११ दिसम्बर, १८१६ का दिन स्मरण-पत्रको शर्तहरूलाई नेपालका राजाद्वारा स्वीकार गरी स्वीकृतिको मुहरबन्द पत्र ब्रिटिश ईष्ट इण्डिया कम्पनीलाई सुम्पिएको उनले जनाएका छन् ।



मधेशकेन्द्रित दलहरू सुधारोन्मुख अवस्थामा छन् : खुशीलाल मण्डल



मधेशी दलको परीक्षा सुरू भएको छ : सुनिल रंजन सिंह

अन्तर्वार्ता पृष्ठ ३ मा

## राउतको गाउँमा चुनाव बहिष्कार



महादेवा गाउँपालिका वडा नं. २ को मतदान केन्द्र ।

सप्तरी । स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा.सीके राउतको गृहनगर महादेवा गाउँपालिका वडा नम्बर दुईको मतदान केन्द्रमा मतदाताहरू मतदान गर्न गएनन् । डा. राउतले मतदान पूर्वसन्ध्यामा एउटा अपिल जारी गर्दै निर्वाचन बहिष्कारका लागि आग्रह गरेका थिए । सो मतदान केन्द्रमा मत हाल्न एक जना मतदाता पनि आएनन् । गाउँका कोही पनि मतदान गर्न नगएको सप्तरीका प्रमुख जिल्ला अधिकारी भगिरथ पाण्डेले जानकारी दिए । मतदान गराउने कर्मचारी र सुरक्षाकर्मीहरू बिहानैदेखि तयारी अवस्थामा बसे पनि कुनै मतदाता मत खसाल्न आएनन् । यो मतदान केन्द्रमा ९ सय ६० मतदाता छन् । विगतमा जितेकाहरूले गाउँको विकासमा ध्यान नदिएकाले यसपटक मतदान नगरेको एक मतदाताले बताए ।

समय-सन्दर्भ

निमिष झा



## मतपत्रमा कैद मधेशको जनादेश

**बन्द मतपेटिकामा व्यक्त एक एक मधेशीजनको एक एक मतको हिसाबले अब जनादेशको नयाँ जग बनाइसकेको छ ।**

प्रतिनिधि तथा प्रदेशसभाको दोस्रो चरणको निर्वाचन हर्षोल्लसाका साथ सम्पन्न भएको छ । छिटपुछ र सामान्य घटनाबाहेक निर्वाचन लगभग शान्तिपूर्ण वातावरणमै उत्साहका साथ सम्पन्न भएको हो ।

देशका विभिन्न भागमा भएका विस्फोटका घटनाका बाबजुद पनि मतदाताहरू भोट हाल्नका लागि आतुर थिए । मतदाताहरूमा देखिएको यस्तो प्रकारको अभूतपूर्व उत्साह लोकतन्त्रको स्थायित्वको लागि सुन्दर पक्ष पनि हो । किनभने एक दशक लामो संक्रमणकाल अन्त्य गरेर राजनीतिक स्थिरता र मुलुकको आर्थिक समृद्धिको प्रवेशद्वारका रूपमा लिइएको यो निर्वाचनबाट जनताको धेरै अपेक्षा पनि रहेको छ ।

यो निर्वाचनले ४५ जिल्लामा प्रतिनिधिसभातर्फ १ सय २८ र प्रदेशसभाका २ सय ५६ निर्वाचन क्षेत्रमा जनप्रतिनिधितको भाग्यको फैसला गर्दैछ ।

दुई चरणमा भएको यो निर्वाचन नयाँ संविधान कार्यान्वयनको सबभन्दा महत्वपूर्ण चरण हो ।

पहिलो र दोस्रो चरणमा मतदाताले गरेको विवेक प्रयोगले नेपाल समृद्धिको मार्गमा जाने, देशलाई सुशासन र विकासको मार्गमा डोऱ्याउनेछ भन्ने अपेक्षा गरिनु राजनीतिक स्थायित्वका लागि सबल पक्ष हो ।

यसर्थ सचेत नागरिकले गरेको मतदानबाट देशको कायापलट हुने विश्वास गर्न सकिन्छ ।

संविधानसभाले बनाएको नयाँ संविधानअनुसार पहिलोपटक यस प्रकारको चुनाव पहिलो हो भने प्रदेशसभाको चुनाव पनि पहिलोपटक नै भएको छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान जारी भएपछि संविधान कार्यान्वयनका लागि संघीय संरचनाअनुसार पहिलो पटक स्थानीय निकायको निर्वचन सम्पन्न हुनाका साथै प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यका लागि निर्वाचन हुन लागेको छ ।

स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको अवस्थामा प्रदेशसभाको चुनावले संघीयताको कार्यान्वयनलाई मूर्त रूप दिने अनुमान छ ।

यसपटक दलहरूले पनि चुनावलाई राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको रूपमा जोड दिएकोले आम मतदाताको अपेक्षा पनि राजनीतिक स्थायित्व र आर्थिक समृद्धि होस् भन्ने नै छ । यसर्थ निर्वाचनको नतिजा जुन दलको पक्षमा आएपनि लोकतन्त्रको विजय हुने भन्ने कुरामा दुई मत छैन । यो निर्वाचनबाट देशलाई संक्रमणको युगबाट स्थायित्वको युगमा प्रवेश गर्ने हरेक प्रकारको राजनीतिक जन्जालबाट मुक्त हुने पनि अपेक्षा छ । निर्वाचनबाट देश समृद्धिको युगमा प्रवेश गर्ने छ ।

बाँकी पृष्ठ २ मा



## सम्पादकीय



# मधेशको अबको बाटो

प्रतिनिधिसभा र प्रदेशसभाको दोस्रो चरण चुनाव सफलतापूर्वक सम्पन्न भएको छ। जनताले चुनेका प्रतिनिधिले दुई वर्षअघि जारी गरेको संविधान कार्यान्वयनका क्रममा विभिन्न आन्तरिक र बाह्य चुनौती देखा परे पनि अब यी दुई चरणका संघ प्रदेश चुनावमार्फत पूर्ण प्रयोगमा जाँदैछ। संविधान कार्यान्वयनका रूपमा भएको यो चुनाव अन्ततः संघीय लोकतान्त्रिक गणतन्त्रका पक्षमा जनताले दिएको अभिमतको अनुमोदन पनि हो।

दोस्रो चरणको निर्वाचनमा मधेशमा आम मानिसमा चुनावप्रति अपेक्षा र आकर्षण देखिएको छ। मतदान सकिएपछि मतगणना प्रारम्भ हुने भएकाले आम जनता मतपरिणाम जान्ने उत्सुकता र व्यग्र प्रतीक्षामा छन्। मतपेटिकमा मतपत्र बन्द भएपछि अनुमानित जितहारको चर्चा पनि सुरू भएको छ। चुनावी माहौल राम्रो देखिँदा हौसिने र पछि माहौल आफ्नो पक्षमा नरहेको थाहा पाएपछि आत्तिने मधेशी नेताहरू जनताको अभिमतलाई सहर्ष स्वीकार गर्नुपर्छ।

लोकतान्त्रिक विधिबाट चुनावी प्रतिस्पर्धामा उत्रिएपछि एउटाको हार र अर्को जित हुनु स्वाभाविक प्रक्रिया हो। पराजित हुने दल वा उम्मेदवारले पनि त्यसलाई सहज रूपमा लिने चरित्रको विकास हुनुपर्छ। चुनाव गतिशील लोकतन्त्रको ब्यारोमिटर हो। त्यसैले चुनावमा सक्रिय सहभागिता र स्वस्थ प्रतिस्पर्धाले मात्रै लोकतन्त्र समृद्ध हुन्छ। एउटाले हारे लोकतन्त्र जित्ने र अर्कोले हारे लोकतन्त्र हार्ने भन्ने हुँदैन। व्यक्तिले हारे अर्को चुनावमा जित्न मिल्छ। पार्टीले हारे पनि अर्को चुनावसम्म जनमत आफ्नो पक्षमा ल्याउन समय मिल्छ।

यो निर्वाचनबाट आएको मतादेशलाई पनि अवसरको रूपमा सदुपयोग गर्दै मधेशको आर्थिक-सामाजिक पक्ष तर्फ पनि उनीहरू केन्द्रित हुनु पर्छ। मधेशको नाममा राजनीति त गरिन्छ तर मधेशको विकासमा ध्यान कसैको गएको छैन।

स्थानीय तहको तेस्रो चरणको निर्वाचनसम्म पनि मधेशी दलले चुनावमा भाग लिन्छन्, लिदैनन् भन्ने शंका थियो। अन्ततः संविधान निर्माणमै असहमत उनीहरू निर्वाचनमा सहभागी भए। प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनमा असन्तुष्ट दलले भाग लिनुको अर्थ संविधानको स्वीकारोक्ति नै हो। यसलाई संविधान जारी गर्दा नेतृत्व गरेका कांग्रेस, एमालेलगायतका दलहरूले सकारात्मक रूपमा लिनुपर्ने जरूरी छ। लोकतन्त्र पक्षधर पार्टीले आफ्नो हारजितभन्दा निर्वाचन विरोधी शक्तिले पनि चुनावमा भाग लिएकोमा त्यसलाई साकार पार्ने तर्फ लाग्नु पर्ने जरूरी छ।

यो सही हो ६ मधेशी दलहरू एकीकृत भएर बनेको राजपाको आगमनपछि मधेशको मुद्दा सबल बनेको छ। किनभने राजपाको गठन पछि ठूला दलहरूले पनि संविधान संशोधनको विषयलाई महत्व दिन थालेको छ। संविधान संशोधनमा अडकिएको राजनीति यसको सुरक्षित अवतरण नभएसम्म यो मुद्दा जिवितै रहन्छ। मधेशी दलहरू सबै प्रकारको चुनावमा भाग लिदैमा संविधानको दायर बढेको र यसको पूर्ण स्वीकारोक्ति भएको भ्रममा ठूला दल बस्नु हुँदैन। यसर्थ, अब मधेशी दलहरू खासगरी राजपा र संघीय फोरमले आफ्नो मुद्दालाई बचाइ राख्न सरकारसँग सम्झौतापरस्त नभइ बुँदागत रूपमा छलफललाई केन्द्रित गरी अगाडि बढाउनु पर्छ तर, यसको अर्थ मधेशको सामाजिक विषयलाई तिलाञ्जली दिनु होइन।

यो निर्वाचनबाट आएको मतादेशलाई पनि अवसरको रूपमा सदुपयोग गर्दै मधेशको आर्थिक-सामाजिक पक्ष तर्फ पनि उनीहरू केन्द्रित हुनु पर्छ। मधेशको नाममा राजनीति त गरिन्छ तर मधेशको विकासमा ध्यान कसैको गएको छैन। मुलुक संघीयतामा गइसकेको छ भने स्थानीय तहको संरचना पनि बनिसकेको छ। प्रतिनिधि र प्रदेशसभाको लागि पनि मधेशी जनताले मत खसाली सकेका छन्। चुनावमा भोट माग्न आ-आफ्नो क्षेत्रमा पुगेका सबै उम्मेदवारहरूले अबको दिनमा आफ्नो क्षेत्रको विकासमा गर्ने कसम खाएका छन्। मतदातालाई आश्वासनभन्दा पनि परिणाम चाहिएको छ। मधेशी जनतालाई आन्दोलनका लागि मात्र प्रयोग गर्दै आएका मधेशी दलहरूले अबका दिनमा निर्वाचनमा भोट लिनको लागि मात्र प्रयोग नगरी विकासको एजेन्डालाई प्राथमिकतमा राख्नुपर्छ।

त्यसैले अबको निर्वाचनबाट मधेशबाट निर्वाचित हुने नेतृत्वले आफूलाई विकासको अजेन्डामा केन्द्रित गर्नुपर्छ।

# मधेशी समाजको मनोविज्ञान र चुनाव

## "खस" महिमा र मधेश आन्दोलन : भाग ३९१



❖ उपेन्द्र झा

नेपालको राजनीतिमा दशकौंदेखि अभ्यासमा रहेको लोकतन्त्र र कम्युनिज्म सिद्धान्तको प्रभावले नेपाली जनताको चेतनालाई मुखरित गरेर जनताको दुश्मनलाई चिन्ने क्षमता प्रदान गरेको छ। राजनीतिक चेतना प्राप्त गर्न धेरै पछि परेको मधेशी र थारू पनि अब राजनीतिक रूपले चेतनशील भईसकेको छ। कसले कसरी झुक्याएर जनतामाथि शासन गर्छ, बुझ्न त्यति कठीन हुँदैन। भेदभावमा परेका र सिमान्तीकृत समुदाय आफ्नो बलिदान दिएर आवाज घन्काए छन्।

राजनीतिक अचेतनतामा यही शासकवर्गलाई उद्धारकको रूपमा बुझेको मधेशी समुदाय दास गुलामसरह अनेकौं आन्दोलनमा बलि चढे। गरिबी, बेरोजगारी, पछौटेपन तथा विपन्नताको पीडा भोगि रहँदा राज्यको भेदभावले त मधेशी समाजको मूल्यलाई बिर्सेर गुलामको रूपमा जीवन बिताउन बाध्य बनायो। अनेक उथल पुथलमा सक्रिय सहभागिता रहे पनि मधेशी समाजको जीवन शैलीमा कुनै परिवर्तन आउन सकेन। आफ्नै किसिमको त्रासदीपूर्ण जीवन जीउन बाध्य मधेशी समाज परिवर्तनको चाहनालाई यही शासकवर्गको दर्पणमा खोजी रहेको थियो। शासकवर्गप्रति बनेको अडिग आस्थामा आफ्नो मुक्तिको बाटो खोजी रहेको थियो। २४४ वर्ष देखिको निरन्तर खोजमा आशाबाहेक मुक्तिको द्वार कही नभेट्टाइएपछि र राजनीतिक चेतनाको स्तर वृद्धि हुँदै जाँदा खस शासकवर्ग नै मधेशी समाजको लागि परिवर्तन रोक्ने अवरोधकको रूपमा रहेछ भन्ने सत्यलाई स्वीकार गर्नु पर्यो। तबसम्म मधेशीको दर्जनौं पुस्ता उत्पीडन भोगेर गए।

एउटा फरक संस्कृतिको बाहुल्यता भएको मधेशसँग रैतीसरह शासन गर्ने सामन्तहरू, शासकहरू तथा उदारवादी शासकहरू कसैले भावनात्मक सम्बन्ध बनाउन चाहेन। आफूभन्दा बिल्कुल फरक रंग, बोली, भेषभूषा, रहनसहन भएको मधेशी समाज वर्वरशासनमा पनि प्याज्य थियो भने विद्यमान सभ्य, सुसंस्कृत, मानवतावादी मान्ने लोकतान्त्रिक सरकारमा पनि मधेश व्याज्य अवस्थामा नै रहेको छ। अन्तराष्ट्रिय स्तरमा आफू लोकतान्त्रिक देखाउन सतही स्तरमा परिवर्तनका छींटाहरू देखाए पनि मधेशीसँगको भेदभावमा किञ्चित परिवर्तन छैन। बरू लोकतान्त्रिक शासनकालमा भेदभावको मात्रा झन बढेर गएको छ। विगत एमाले सरकारको पालामा मधेशसँग भएको अपमानजनक व्यवहारले त खसशासक र मधेशीलाई आमने सामने आक्रमक रूपमा उभ्याई दिएको छ। अन्तर्विरोधलाई चर्काएर, मधेशीको आवाजलाई दबाएर शान्तिपूर्ण ढंगले शासन लम्ब्याउनुको कुनै अर्थ छैन। प्रत्येक १० वर्षमा आन्दोलनको आँधी बेहरी आउने परम्पराअनुसार मधेशबाट पुनश्च आन्दोलन नआउला त?

जनताको रगत चुसेर दरबार बलियो भयो, देशलाई गरिब बनाएर राजाले आसेपासेलाई पोसे, जनताको अधिकार जनतालाई सुम्पिनु पर्छ आदि आदि नारा दिएर राजतन्त्रको विरूद्ध आन्दोलन गर्ने कथित लोकतन्त्रवादी शक्तिहरूको शासनकाल जनताको काल नै सावित भयो। भ्रष्टाचारमा चुर्ल्लुम्म डुबेको लोकतान्त्रिक शक्ति शासक पनि रहेन। यिनी डन र तस्करमा रूपान्तरित भएका छन्। एजेण्डाविहीन खस शासकवर्गको पैसा कमाउने मोहबाहेक राजनीतिमा केही देखिएको छैन। विकास र समृद्धिका कुरा यिनको घोषणा पत्रमा सिमित रहेको छ। के बोलेर पैसा कहाँबाट तान्न सकिन्छ र पैसाको भरमा चुनाव जितेर सरकार चलाउने तिकडमबाहेक यिनको दिमागमा जनअपेक्षाको कुनै महत्व छैन। राजालाई फालेर आफ्नो प्रभुत्व कायम राखेका यी उदारवादी सामन्तहरू राज्यसत्तामा आफ्नो वर्चश्व कायम गरि शाश्वत शासनमा रमाएका छन्।

निरंकुश सामन्त (राणा) महासामन्त (राजा) र उदारवादी सामन्त (नेपाल काँग्रेस, एमाले, माओवादी लगायत) तीन श्रेणीमा विभक्त खस शासकवर्गमा सत्ताका लागि गएका लडाईमा एक अर्कालाई परास्त गरि सत्ता हात पारेको हो। यस प्रक्रियामा निरंकुश शासनतन्त्र लोकतन्त्रमा रूपान्तरित भएको तथ्य जनताको लागि शोकेसको मिठाई (हेर्न सक्ने तर प्राप्त गर्न नसक्ने) जस्तै रहेको छ। शासन व्यवस्था उदारवादी लोकतन्त्रमा आएपनि राज्यसत्ता खस शासकवर्ग कै कब्जामा रह्यो। राज्यसत्ता खस शासकवर्गको कब्जाबाट मुक्त गराउन मधेशको प्रयास अन्ततः असफल पारेर तीन शीर्ष दल राज्यसत्तामाथि एकाधिकार कायम नै राख्यो। विरासतमा पाएको राज्यसत्तालाई खस शासकवर्गले अंशवण्डामा लैजान चाहँदैन।

अढाई शताब्दिदेखि नेपाल राज्यसत्तामा समान अधिकार र पहिचानका लागि ललायित मधेशले कम्युनिष्ट आन्दोलन र प्रजातान्त्रिक आन्दोलनमा भाग लिएर उल्लेखनीय बलिदान दियो। नेपाली काँग्रेस र कम्युनिष्ट पार्टीलाई सांगठनिक बलियो आधार दियो। पंचायतको विरूद्ध आन्दोलनलाई उत्कर्षमा पुर्‍याएर सत्तामा पठाउने श्रेय मधेशलाई गएपनि यो न कम्युनिष्टको न काँग्रेसको विश्वासपात्र बन्न सक्यो। भेदभाव लोकतन्त्रको पुनर्स्थापना पश्चात् पनि कायम रहेकोले मधेशका लागि यो भन्दा ठूलो दुर्भाग्य अरू के हुन सक्थ्यो।

संविधान सभाको असफलता पछि मधेश बाहिर र भित्र अविश्वासको भूमरीमा पर्यो। आफ्नो अस्तित्वलाई चुनौती दिने मधेशलाई प्रभावहीन पार्न तीनै शीर्ष दलको षडयन्त्र त छँदै थियो, आफ्नो स्वार्थ पूरा गर्न मधेशका राजनीतिक अगुवाहरू पनि तिनीहरूको मतियार बनेर मधेशको विरूद्धमा गतिविधि जारी राखे। फलतः एक मधेशको मागको सट्टा मधेश चार भागमा विभक्त भयो। मधेशलाई टुक्रा-टुक्रा पार्ने संविधानको घोषणा पश्चात् मधेशका दलहरू त्यतिबेला विरोधमा देखिए पनि पछि आन्दोलनका सबै मुद्दा छोडेर चुनावमा भाग लिएकोले मधेशसँग आफ्नैले पनि धोका दियो। संघीयताको नाममा मधेशलाई अपाङ्ग र अपाहिज बनाएर राख्ने राज्यको षडयन्त्रमा मधेशका दलहरू पनि मतियार बनेकोले मधेशको लागि यो पीडा असह्य भएको छ।

आक्रोश, अविश्वास, कुण्ठा, ग्लानी, पराजित मानसिकताले मधेशलाई किंकर्तव्यविभुढ बनाएको छ। आक्रोशले चुनावमा right to reject को आवाज वुलन्द गरेको छ भने मधेशको मुद्दालाई खस शासकले सम्बोधन गर्न नसक्ने भएपछि Free Madhesh को नारा घन्कि रहेको छ। अर्कोतिर एक दशकमा संघर्षको बाबजूद पनि भोग्नु पर्दा मधेशका अवसरवादी प्रवृत्ति दनादन गैर मधेशी पार्टीमा प्रवेश गर्न थालेका छन्। लोकप्रियता गुमाएका मधेशका राजनीतिक दलहरू आफ्नो अस्तित्व बचाउन नसक्ने विश्वासका साथ अवसर खोज्नेहरू खसवादी पार्टीको गुलामी गर्न गएका छन्। यस्तो पनि निराशाजनक अवस्थामा चुनाव भई रहेको छ। पैसाको खोलो बगाएर खसवादी पार्टीहरू मधेशबाट पनि अपेक्षित सीट जितेर जाने सम्भावना पनि प्रवल छ।

यो चुनाव न अपेक्षित सीट पाएर संसादमा मधेशका पार्टीहरू चुनौती दिन सक्दछन् न आन्दोलनलाई नै संगठित गर्न सक्दछ। संविधानलाई स्वीकार गरेर चुनावमा आई सकेपछि मधेशको मुद्दालाई छाडेको यथार्थले नै लोकप्रियता बिगारेको हो। झापा, मोरङ, सुन्सरी र रूपन्देही, नवलपरासी, कपिलवस्तु, बाँके, बर्दिया जिल्लाहरू अर्को प्रदेशमा गाभिएको र प्रदेश बनावटको प्रक्रियामा रहेकोले समग्र मधेशको एकता र भावना टुकी सकेको अवस्थामा पहिले जस्तो मधेशका दलको संघर्षको आह्वान तत्काल प्रभावकारी नहुने प्रष्ट छ। आफ्नो प्रदेश नं.२ मा पनि त्यस्तो कुनै संघर्षको आह्वानलाई मधेशले वास्ता नगर्ने अवस्था पनि छ।

समग्र मधेशको विभाजित मानसिकता, आत्मग्लानि आदीले मधेशलाई दोबाटोमा उभ्याई दिएको छ। मधेशको युवाशक्ति अधिकारवादी आन्दोलनलाई फरक किसिमले संगठित गर्न खोजि रहेको छ। अधिकारवादी आन्दोलन सम्बोधन नभएको अवस्थामा पुनश्च संगठित हुने यथार्थ त छँदैछ। बहुमत ल्याएर बाम गठबन्धनले सरकार बनाएपछि समाजमा रहेको समस्या र विषम परिस्थितिलाई आफ्नो वर्चस्ववादी प्रकृतिले अझ चर्काएर लैजाने वातावरण पनि बन्छ। मधेशसँगको अन्तर्विरोध अझ चर्किने सम्भावनालाई नकार्न सकिन्न। द्वन्दबीच नै समाधान खोज्ने वर्चस्ववादी

द्वन्दबीच नै समाधान खोज्ने वर्चस्ववादी राजनीतिको उद्देश्य रहेकोले द्वन्द्व उठ्नु कुनै अस्वभाविक नहोला। राजनीतिक असन्तुलनले मधेशलाई फेरि एकपल्ट उठ्न बाध्य गर्ने कुरामा शंका छैन।

राजनीतिको उद्देश्य रहेकोले द्वन्द्व उठ्नु कुनै अस्वभाविक नहोला। राजनीतिक असन्तुलनले मधेशलाई फेरि एकपल्ट उठ्न बाध्य गर्ने कुरामा शंका छैन। राज्यसँग आमने सामने उभिएको अवस्थामा मधेश राज्यको अपमानजनक व्यवहारलाई बिर्सन र सयकडौं वीर समूतले दिएको शहादतलाई नजरअन्दाज गर्न कठीन छ।

पराजित मानसिकतामा रहेका मधेशलाई उग्रवाद र यथास्थितिवादले आफ्नै तरिकाले शिकंजामा कस्दै गएको अवस्थामा मधेशको पार्टीलाई जिताउने आकर्षण नै समाप्त भएको छ। खासगरी प्रवुद्धवर्गमा चुनावप्रति कुनै खास आकर्षण नदेखिएको र यस्तो समयमा निम्नस्तरका मतदातालाई लालचमा आकर्षित गर्ने गरेर मधेशी पार्टीहरू सक्रिय रहेकोले उसकै अग्रस्थान हुने कुरामा कुनै शंका छैन। असन्तुष्टता र आक्रोशको अवस्थामा मधेशले के बाटो लिने भन्ने प्रतीक्षाको विषय बनेको छ।

*क्रमशः*

janukjha24@gmail.com

## मतपत्रमा कैद...

नेपालकै इतिहासमा एकै वर्ष स्थानीय तह, प्रदेशसभा/प्रतिनिधिसभा निर्वाचन भएकाले २०७४ साल निर्वाचनै निर्वाचनको वर्ष पनि बनेको छ। इतिहासमा अहिलेसम्म एकै वर्ष यति धेरै निर्वाचन भएको थिएन। एक वर्ष संसदीय र अर्को वर्ष स्थानीय निर्वाचन गरेर वर्षौंपिच्छे निर्वाचन भए पनि एकै वर्ष तीन तहको निर्वाचन भएको यो पहिलो अवसर हो।

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन सकिएपछि राजनीतिले स्थायित्व पाउने, स्थिर सरकार बन्ने र विकास निर्माणले तीव्रता पाउने आम नेपालीको विश्वास छ। त्यसैले समृद्ध मुलुक निर्माणको जनआकांक्षालाई मूर्त दिने दायित्व अहिले चुनिँदै गरेका जनप्रतिनिधिको हो।

चुनावपछि विकासको गति तीव्र रूपमा अघि बढ्ने जनअपेक्षा छ। स्थानीयले गाउँको विकास चाहेका छन्। जवाफदेही र जनउत्तरदायी, जनप्रतिनिधि चाहेका छन्। दलका उम्मेदवारहरूले मतदाताको घरदैलोमा पुग्ने क्रममा यहि प्रतिवद्धता जनाएका हुन। निर्वाचन भनेको लोकतन्त्रको प्राणवायु हो। त्यसैले चुनावमा मधेसका जनता खुसीपूर्वक मतदान गरेका छन्। समयमै आफ्नो प्रदेशको निर्वाचन हुन नसक्दा त्यहाँका जनता निराश देखिएका थिए। तर अब मतदान गरिसकेपछि उनीहरू हर्षित छन्। निर्वाचनपछि विकास निर्माण, उद्योग, व्यवसाय र रोजगारीका नयाँ अवसर खुल्दै जाने आशा जनतामा जगाएको छ। लामो समयपछि मुलुक राजनीतिक स्थिरता तर्फ गहिरहेको छ। राजनीतिक अस्थिरता हुँदा मुलुकको हरेक क्षेत्र अस्थिर हुन्छ।

नराम्रा उम्मेदवारहरूले चुनाव जित्ने र राम्रा उम्मेदवार चुनाव हार्ने परिस्थिति निर्माण भयो भने विकास, सु-शासन सम्भव छैन। त्यसैले यसपटक जनताले हाम्रो होइन राम्रोलाई जिताएर पठाउने विश्वास छ। मतदाता पनि असल नागरिक हो भन्ने भावना मतपेटिकामा खसेको मतबाट सावित हुनेछ।

**मधेशको सवाल**

प्रतिनिधि र प्रदेशसभाको निर्वाचन करिब एक वर्ष बढी चलेको तर कुनै टुंगोमा नपुगेको मधेश आन्दोलनको जीतको एक ऐतिहासिक दिन र अनुपम घडी पनि हो। मंसिर २१ गते बिहीबार जनताको ठूलो पंक्तिको उल्लास र उत्सापूर्वक सम्पन्न मतदानले यसैकुरालाई संकेत गर्छ। सडकमा पोखिएको मधेश आक्रोश मधेसी जनताले मतसँग साटिएको यो क्षण इतिहासको नयाँ सम्बोधन पनि हो मधेशको माग र भावनाका हकमा।

मधेश विद्रोह अब मतपत्रमा कैद भएको छ। मधेश आन्दोलन अब जनताको मतमा रूपान्तरित हुँदै मतादेशमा साटिएको छ। बन्द मतपेटिकमा व्यक्त एक एक मधेशीजनको एक एक मतको हिसाबले अब जनादेशको नयाँ जग बनाइसकेको छ। यस अर्थमा यो मधेश आन्दोलनको वैधानिकीकरणको पर्व पनि हो।

यो अन्तिम चुनावी अध्याय नयाँ सम्भावनाको सुन्दर र सुदूर सुरूवात पनि हो। चुनावको अन्तिम श्रृंखला सबै दलको चुनावी पर्वकै रूपमा सम्पन्न भएको हो। यो अन्तिम चुनावीमा खासगरी ६ वटा मधेश केन्द्रित दलहरू मिलेर बनेको राष्ट्रिय जनता दलको सहभागिता र संघीय समाजवादी फोरमसँगको चुनावी तालमेलले मधेशको अंकगीतमा पनि फेरबदल गरेको छ। यसकारण यो चुनाव विशेष महत्वको रहेको छ। अघिल्ला चुनावमा संविधान संशोधनको विषयमा फरकमत राख्दै राजपाले भाग नलिएका कारण ती चुनावहरू सबै दलको सहभागिताका पर्याय हुन सकेका थिएनन् भन्ने तथ्य अब उनीहरूको व्यापक सहभागिताले सोधभर्ना पनि भइसकेको छ। यो चुनावको सफलता भनेकै मधेश र मधेशको जीत हो।

# मधेशकेन्द्रित दल सुधारोन्मुख अवस्थामा छन्

नेकपा एमालेले ९० प्रतिशतको मतबाट संविधान जारी भएको दाबी गर्दै आएको थियो । तर, स्थानीय तहको चुनावमा ६४ प्रतिशत मत संविधानको विपक्षमा खसेको थियो । ३६ प्रतिशत जनताले मात्र संविधानको पक्षमा मत दिएका थिए । संविधान अल्पमतमा परिसक्यो ।



खुशीलाल मण्डल
वरिष्ठ राजनीतिज्ञ

**० प्रतिनिधि र प्रदेशसभाको चुनावको परिणाम कस्तो आउने सम्भावना छ ?**

– यसपाली दलहरू गठबन्धन बनाएर चुनावमा गएका छन् । अझ ठूला दलहरूले नै गठबन्धन बनाएका छन् । दलहरू सिद्धान्तहीन गठबन्धन बनाएका छन् । नेपाली कांग्रेस र राप्रपाको गठबन्धनमा कुनै तुक छैन । यो बेमेल गठबन्धन हो । नेकपा एमाले र नेकपा माओवादी केन्द्रबीचको गठबन्धन स्वार्थको गठबन्धन हो । माओवादीले निर्वाचित राष्ट्रपति हुनुपर्ने भन्दै आएका छन् । तर, एमालेको दस्तावेजमा त्यस्तो छैन । नेकपा एमालेले संविधान संशोधन नहुने भन्दै आएको छ । अर्को, कार्यकारी राष्ट्रपति पनि हुन नसक्ने एमालेले भन्दै आएको छ । खासमा ठूला दलहरू सत्ताका लागि लडिरहेका छन् । नेपाली कांग्रेसले संविधान संशोधन गर्ने भनिरहेको छ । मधेशका मुद्दा सम्बोधन गर्छु भन्नु पनि धोका हो । अर्को, नेपाली कांग्रेसले समाजवादको स्थापना गर्ने भन्दै आएको छ । यो पनि धोका हो । दुई पार्टीको सत्ता प्राप्तिको गठबन्धन हो । जहाँसम्म मधेशकेन्द्रित दलको कुरा छ । संघीय समाजवादी फोरम नेपाल र राजपाबीचको गठबन्धन पनि चुनावका लागि मात्र हो । जनताको दबाबमा यिनीहरूले चुनावी गठबन्धन गरेका हुन् । फोरम र राजपाको सिद्धान्तमा पनि भिन्नता छ । संघीय समाजवादी फोरम कार्यकारी राष्ट्रपतिको पक्षमा छ । राजपा संसद्बाट निर्वाचिन प्रधानमन्त्रीको पक्षमा छ । फोरम र राजपाबीच पनि सिद्धान्तहीन गठबन्धन छ ।

**० भनेपछि अहिलेका गठबन्धनहरू सबै चुनावका लागि मात्र हो ?**

– मधेशी जनताको दबाबका कारण यिनीहरू गठबन्धन बनाउन बाध्य भए । स्थानीय चुनावमा फोरम नेपाल सभागिता जनायो । तर, राजपाले पहिलो र दोश्रो चरणको चुनाव बहिष्कार गरेको थियो । राजपा त्यसबेला धन्यवादको पात्र बन्यो । संविधान संशोधन विधेयक पास अथवा फेल भयो भने स्वीकार गर्ने राजपाको निष्कर्ष राम्रो थियो । नेकपा एमालेले ९० प्रतिशतको मतबाट संविधान जारी भएको दाबी गर्दै आएको थियो । तर, स्थानीय तहको चुनावमा ६४ प्रतिशत मत संविधानको विपक्षमा खसेको थियो । ३६ प्रतिशत जनताले मात्र संविधानको पक्षमा मत दिएका थिए । संविधान अल्पमतमा परिसक्यो ।

**० हालै सम्पन्न प्रतिनिधि र प्रदेशसभाको चुनावबाट संविधान संशोधन गराउने पक्षले अत्यधिक मत पाउने सम्भावना छ ?**

– प्रदेश नम्बर २ मा मधेशी गठबन्धनकै बहुमत आउँछ । त्यसमा दुविधा छैन । पहाडको कुरा गर्ने हो भने नेकपा एमालेले राष्ट्रवादको नारा दिएर बहुमत ल्याउने सम्भावना छ । राष्ट्रवादको लहर रह्यो भने एमाले माओवादीका गठबन्धनले पहाडका जिल्लामा बढी मत ल्याउने सम्भावना छ । तर, पहाडका जनताले वामगठबन्धन धोका हो भन्ने महसुस गरे भने अत्यधिक मन नल्याउन पनि सक्छ । पहाडमा भन्दा मधेशमा कांग्रेसको बढी सिट आउँछ ।

**० मत पाउनका लागि उम्मेदवारहरूले विभिन्न किसिमका मिठामिठा कुरा गर्छन् । विभिन्न किसिमका प्रतिबद्धता जनाउने गर्छन् । मतदाताले भने कस्ता उम्मेदवारहरू छनौट गर्दै छन् ?**

– विगतमा दलहरूले निकाल्ने चुनावी घोषणापत्र जनताले खोजीखोजी पढ्थे । घोषणापत्रमा के के भन्ने कुरा जान्न जनतामा उत्सुकता देखिन्थ्यो । तर, अहिले आएर घोषणापत्र को पढ्छन् ? २०४८ देखि अहिलेसम्म कुन दलले आफ्नो घोषणापत्रअनुसार काम गरेका छन् ?

**० भनेपछि अहिले दलहरूले घोषणापत्रअनुसार काम गर्न छाडे ?**

– हो ।

**० दल, व्यक्ति, जातिलगायत हो त अहिलेको घोषणापत्र ?**

– होइन, होइन । त्यो होइन । धनको कुरा गर्नुस् । सबभन्दा ठूलो धन भएको छ । आफूलाई समाजवादी र साम्यवादी भन्ने नेकपा एमालेले समानुपातिकको मधेशी कोटामा मोती दुगडको नाम १ नम्बरमा राखेको छ । मोती दुगड समाजवादी हुन् ? नेपाली कांग्रेसले पनि आफूलाई समाजवादी भन्छ । विनोद चौधरी समाजवादी हुन् ? कुनै बेला विनोद चौधरी नेकपा एमालेको प्रिय पात्र थिए, तर अहिले कांग्रेसका प्रिय पात्र बनेका छन् ।

**० दलहरूका घोषणापत्र पहिले जनताले पढ्थे । तर, अहिले पढ्न छाडे भनेपछि यसमा दोषी को ?**

– नेता दोषी छन् ।

**० घोषणापत्रमा लेखेको अनुसार दलहरूले काम गर्न छाडेपछि जनताले पनि घोषणापत्र पढ्न छाडेका हुन् ?**

– हो । यसैको परिणामस्वरूप अहिले धन, जाति, क्षेत्रीयतालगायतको कुरा आइरहेका छन् । जनतालाई आफ्नो नेताप्रति विश्वास भएन । नेतालाई आफ्नो कार्यकर्ताप्रति विश्वास भएन । त्यसकारण उनीहरूले धनपतिहरूलाई ल्याएका छन् । यसपटक पनि गाउँगाउँमा पैसाका लागि होडबाजी चल्यो । निर्वाचन आयोगले रक्सी बेच्न पाइँदैन भन्छ । चुनावका बेला करोडौं रूपैयाँको रक्सी नै बिक्री भएको छ । सिद्धान्त कहाँ छ ?

**० जनता जागरूक नभएर चुनावी विकृति देखिएको हो ?**

– त्यो समय आउँदैछ । नेताहरूको जनताप्रतिको बेवास्ताको पराकाष्ठा नाघिसक्यो । अबको चुनावको परिणाम नयाँ किसिमको आउने छ ।

**० त्यसो हो भने यसपालीको चुनावबाट सही नेता चुन्नुपर्‍यो नि ?**

– हामीले २०४७ सालमा संविधानसभा र संघीयताका कुरा गरेका थियौं । आरक्षण, नागरिकतालगायतका कुरा गर्‍यौं । तर, मधेशी र पहाडीबीच द्वन्द निम्त्याउन खोजिएको भनेर मधेशी जनताले भन्न थाले । आज त्यही मधेशी जनता १० वर्षदेखि संघर्ष गरिरहेका छन् । एक सयभन्दा बढी मधेशीले सहादत दिइसकेका छन् । यो समयको कुरा हो । समयअनुसार सबै कुरामा बदलाब आइरहेको छ ।

**० पहिलेका भन्दा अहिलेको जनता जागरूक छन्, जसले सही नेता छनौट गर्न सकोस् ?**

– जनता जागरूक छन् । तर, बाध्यता छ । जुन ठाउँमा कांग्रेसले गलत उम्मेदवार दिएको छ त्यो ठाउँमा एमालेले पनि मत पाउन सक्छ । मधेशवादीको कुरा त्यस्तै छ । जहाँ मधेशवादी दलले राम्रो उम्मेदवार दिएका छैनन् । ती ठाउँमा कांग्रेस र एमालेका उम्मेदवार जित्न सक्छन् । जनतासँग बाध्यता हुन्छ । तर, यो बाध्यता विस्फोट भएपछि कुनै नयाँ नेतृत्वको जन्म हुन्छ ।

**० यसपटकको चुनावबाट पनि पुराना नेताहरू नै चुनिने सम्भावना छन् ?**

– ठूला नेताहरूको विकल्प नै तयार भएको छैन । त्यस्तो नेतृत्व नै पैदा भएको छैन ।

**० यदि यसपटक पनि जनताले विशेष गरी पुरानै अनुहार चुन्छन् भने उनीहरूबाट चुनिने नेताहरूलाई कसरी गलत भन्न सकिन्छ ?**

– नयाँ नेतृत्व नआएसम्म यस्तै भइरहन्छ । कुनै बेला भारतमा इन्दरा गाँधीलाई नै भारत भनिन्थ्यो । कुनै बेला सम्पूर्ण उत्तर भारतबाट कांग्रेस आई हरायो । अहिले भारतमा मोदीको राज छ । यसरी नयाँ नेतृत्व नआएसम्म यसरी नै चलिरहन्छ ।

**० यसपालीको जनमतबाट संविधान संशोधन हुन्छ ?**

– संविधान संशोधन हुने अवस्था म देख्दिनँ । जहाँसम्म नेपाली कांग्रेस र माओवादीका कुरा छ । २०६३ सालमा अन्तरिम संविधान संघीयताविहीन जारी भएको थियो । २०६२ को जनआनदोलनको दस्तावेज वैशाख २५ गते सात दलले जारी गरेका थिए । तर, त्यसको विपरीत संविधान जारी गर्दा नेपाली कांग्रेस विपक्षमा गयो । माओवादीले विभिन्न जातीय राज्यको नारा दिएर हजारौं मानिसको हत्या गरायो । माओवादी पनि इमान्दार भइदिएको भए त्यसैबेला संघीयतासहितको संविधान आउथ्यो । पुष १० गते मधेश बन्द हुने थिएन । नेपालगञ्जको ठूलो घटना हुने थिएन । २०६३ पुष १० गते गरिएको मधेश बन्द मधेशी आकांक्षाको प्रतिक हो । त्यसबाट कांग्रेस र माओवादीले पाठ सिक्न सकेनन् । २०६३ माघ १ गते संघीयतासहितको अन्तरिम संविधान जारी हुन सक्थ्यो ।

**० मधेशकेन्द्रित दलहरूको पछिल्लो अवस्था कस्तो छ ?**

– पछिल्लो एक दशकदेखि मधेशकेन्द्रित दलले गर्दै आएको क्रियाकलापबाट सबै अवगत् छन् । यिनीहरू इमान्दार भइदिएको भए पहिलो संविधानसभाबाट संविधान जारी हुन सक्थ्यो । अहिलेको चुनावको कुरा गर्ने हो भने फोरम र राजपाबीचको गठबन्धनलाई समर्थन गर्नु मधेशी जनताको बाध्यता छ । मधेशी जनतासँग विकल्प छैन । मधेशी जनताले मधेशवादी दललाई मत दिएनन् भने ठूला दलहरूलाई नै दिनुपर्ने हुन्छ । त्यसैले मधेशी जनता मधेशवादीलाई मत दिन बाध्य छन् ।

**० फोरम र राजपाको गठबन्धन मधेशीको हितका लागि हो कि पार्टीगत हितका लागि हो ?**

– मधेशी जनताको दबाब पनि थियो । बाध्यता पनि थियो । अहिले अलगै चुनाव लडेको भए दोश्रो संविधानसभा चुनावको जस्तो परिणाम आउन सक्थ्यो । हो, एउटा कुरा के हो भने मधेशकेन्द्रित दल पछिल्लो समय सुधारात्मक अवस्था छन् । स्थानीय तह तेश्रो चरणको चुनावले पनि यो कुरालाई प्रमाणित गरिसकेको छ ।

**० यो चुनावमा कुन दलले कस्तो हैसियत बनाउलान् ?**

– राजा महेन्द्रको राष्ट्रवादको नारा दिने वामगठबन्धन नै ठूलो दल बन्ला जस्तो छ । एमालेको राष्ट्रवाद हाबी भयो पहाडमा उनीहरूको बढी मत आउनेछ । दोश्रो स्थानमा नेपाली कांग्रेस, प्रदेश नम्बर २ राजपा र फोरम पहिलो शक्ति बन्ने देखिन्छ ।

*(मधेशवाणीका लागि अजय साह शिवालीले गरेको कुराकानीको सम्पादित अंश)*

# मधेशी दलको परीक्षा सुरू भएको छ



सुनिल रञ्जन सिंह
अधिवक्ता

**० बिहीबार सम्पन्न भएको प्रतिनिधिसभा र प्रदेशसभाको दोस्रो चरणको चुनावलाई कुन रूपमा हेर्नुभएको छ ?**

– यो निर्वाचन वास्तवमा संविधान कार्यान्वयनको लागि अति नै महत्वपूर्ण विषयसँग गाँसेर हेर्नुपर्ने हुन्छ । किनभने यो चुनाव संविधान कार्यान्वयनको लागि दोस्रो कदम हो । पहिलो कदम भनेको स्थानीय तहको पुनर्संरचना पछि त्यससँग सम्बन्धित स्थानीय तहको चुनाव हो जुन सबै स्थानीय तहमा सम्पन्न भइसको छ । प्रदेश र केन्द्रको चुनाव पनि संविधान कार्यान्वयनको महत्वपूर्ण पाटो हो । किनभने यसले राष्ट्रपति, उपराष्ट्रपतिलाई चुन्ने छ भने पहिलो पटक प्रदेश सरकार गठन गर्नेछ । यी यावत कुराहरूका लागि र लोकतन्त्रलाई बलियो बनाउन यो चुनाव महत्वपूर्ण खुडकिलो हो । लोकतन्त्रको सबैभन्दा उत्तम उपाय भनेकै जनताबाट निर्वाचित नेता आउनुपर्छ । संविधान आइसकेपछि पहिलो तह भनेको स्थानीय चुनाव हो, दोस्रो तह प्रदेश र केन्द्रको चुनावमा हो । यो चुनाव पछि देश संविधान कार्यान्वयनको महत्वपूर्ण बाटोतिर लाग्ने छ ।

**० तपाईले यो निर्वाचनपछि संविधानको कार्यान्वयन हुन्छ भन्नु भयो तर संविधानलाई नमानेका मधेशवादी दलको अवस्था कस्तो रहन्छ त ?**

– संविधान कार्यान्वयन भईरहेको छ । संविधान कार्यान्वयनको आ-आफनौ कदमहरू छन् । पहिलो कार्यान्वयनको कदम स्थानीय तहको निर्वाचनबाट नै भइसकेको छ । दोस्रो प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचनबाट हुनेछ । त्यसपछि मधेशवादी दलहरूको माग सम्बोधन गर्ने यस्तो मार्ग प्रसस्त गर्नेछ । हुन त यो भन्दा पहिले संसदबाट संविधान संशोधनको विधेयकलाई अस्वीकार गरिसकिएको अवस्था छ । तथापी मधेसीदलहरूको आफ्नो राजनीतिक एजेण्डा पनि छ । संविधान एकपटक लेखिसके पछि फेरी परिवर्तन हुँदैन भन्ने होइन । मधेसी दलहरूको मागलाई सबै राजनीतिक दलले सकारात्मक रूपले संशोधनको बाटोमा लान्छौं भन्दै आएका छन् । यही कुरालाई मधेशवादी दलहरूले मनन गरेर, विश्वास गरेर काँग्रेस, वाम गठबन्धन, राजपा-फोरम मिलेर चुनावी गठबन्धन गरेर चुनावमा होमिएका हुन् । संविधान कार्यान्वयन कै महत्वपूर्ण पाटो संशोधन पनि हो । त्यो आगामी दिनमा हुन्छ भन्ने हामीले विश्वास गरेका छौं ।

**० अहिले निर्धारण भएको निर्वाचन क्षेत्र विभाजनलाई कुन रूपमा हेर्नुभएको छ ?**

– वास्तवमा संविधानको कार्यान्वयनको दिशामा जाँदा स्थानीय पुनर्संरचना आयोग गठन भएको एक वर्ष भित्र गाउँपालिका, नगरपालिका, विशेष क्षेत्र, संरक्षित क्षेत्र वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण गरिसक्नु पर्ने संवैधानिक व्यवस्था रहेको थियो । त्यो अनुसार आयोगले गाउँपालिका, नगरपालिका, वडाको संख्या, सिमाना, केन्द्रको नामसम्म तय गरेको थियो ॥ तथापी मलाई के लाग्थ्यो भने जसको जनसंख्या जति छ त्यसको आधारमा क्षेत्र निर्धारण हुनुपर्छ तर त्यस्तो हुन सकेन । यसमा अझै पनि असन्तुष्टि छ । संविधान भनेको कालान्तरमा संशोधन हुँदै जाने पक्ष हो । जनताको चाहना अनुसार संविधान संशोधन हुन सक्छ । यो कुनै ठूलो कुरा होइन । पहिलेको स्थानीय तह गाविस थियो भने अहिलेको गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका, महानगरपालिका भएको छ । त्यो दिशातिर हामी उन्मुख भइसकेका छौं ।

**० अहिले विभाजन गरेको गाउँपालिका, नगरपालिकामा एउटै क्षेत्र पनि दुई तिर परेको छ नि ?**

– त्यो हुनु स्वभाविक पनि हो । गाउँपालिका, नगरपालिकाको सिमाना अहिलेको निर्वाचन क्षेत्रभन्दा सानो हुन्छ । एउटै गाउँपालिकाको आधा भाग एउटा निर्वाचन क्षेत्रमा र आधा भाग अर्को निर्वाचन क्षेत्रमा पर्नु स्वभाविक नै हो । यो निर्वाचन क्षेत्र निर्धारण गर्दा धेरैको सन्तुष्टि छैन र नहोला पनि । त्यो भविष्यमा सुधार हँदै जानेछ ।सबैभन्दा महत्वपूर्ण कुरा त यो निर्वाचन भएर आइसकेपछि प्रदेश सभा गठनको कुरा हो । प्रदेशका पदाधिकारी बस्ने ठाउँको समस्या छ । कर्मचारीको समस्या छे । सात वटा प्रदेशका सात वटा प्रदेश प्रमुख राष्ट्रपतिबाट नियुक्त गर्नुपर्ने हुन्छ । हामीले प्रदेशलाई अलि हेला गरेको हो कि जस्तो मलाई लाग्छ । त्यसैले प्रदेशलाई पनि अब स्थानीय र केन्द्रीय जस्तै द्रुत गतिमा लैजानुपर्छ ।

**० आम नागरिकको भाषामा भन्नुपर्दा प्रदेशसभा र प्रतिनिधिसभा भनेको के हो ?**

– प्रदेशसभाको चुनाव पहिलो पटक भएको छ । एउटा देशभित्र धेरै राज्य हुन्छ, त्यसलाई प्रदेशसभा भनिन्छ । अर्को प्रतिनिधि चुनाव भनेको केन्द्रीय संसद हो । नेपाल संघीय प्रणालीमा गइसकेपछि पनि तीन वटा सरकार रहने छ, स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकार । यी तीन वटा सरकारले कल्पना गरे अनुसार नै सबै सरकारहरूको गठन हुँदैछ ।

**० प्रदेशसभा र प्रतिनिधिसभाको चुनावपछि जनताले के कस्ता सुविधाहरू पाउँछन् ?**

– निर्वाचन भइसकेपछि स्थायी सरकार आउँछ । सरकारले यो संविधानमा वर्तमान कानुनमा भएको व्यवस्था अनुसार जनताको लागि धेरै काम गर्नु पर्नेछ । अहिलेसम्म जनताले यो संविधान आइसकेपछि धेरै थोक पाउँछौं भन्ने आशा गरेका छन् र नेताले पनि चुनाव लगत्तै जनताको दुःख सुख, विकास, शिक्षा, स्वास्थ्य आदिका लागि काम गर्नेछौं भन्ने बाचा गरेका छन् र सँगसँगै संविधान र कानुनले दिएको जिम्मेवारीतर्फ पनि जननिर्वाचित प्रतिनिधिहरू पनि लाग्नुपर्ने हुन्छ । राजनीतिक खिचतानी चलिरहन्छ तर उनीहरूले कुनै बाहाना नगरी जनताले चाहेको र संविधानले रोजेको बाटोतिर लाग्नुपर्ने हुन्छ ।

**० विगतका समयमा आन्दोलनमा रहेका मधेशकेन्द्रीत दलहरूले निर्वाचनलाई पनि आन्दोलनकै रूपमा लिएर सहभागि भएको भनेका छन् । निर्वाचनपछि मधेशकेन्द्रीत दलहरूको भविष्य कस्तो रहला ?**

– यो निर्वाचनले खासगरी मधेसी दलहरूलाई दुई किसिमले फाइदा गर्छ । एउटा त ती दलहरू आफैले टुट फुटको राजनीतिबाट ग्रसित छन् । जब वाम गठबन्धन बन्ने बित्तिकै मधेसी दलहरूको पनि गठबन्धन भयो । वाम गठबन्धन हुनु भन्दा पहिले राजपाको ६ वटा पार्टीहरू एकत्रित भएर एउटा पार्टी गठन भएको थियो । वाम गठबन्धन पछि राजपाले फोरमसँग सहकार्य गरेर चुनावमा गएको छ । मधेशका जनताको लामो समयदेखि चाहना मधेश केन्द्रीत दलहरू एकिकृत भइदेओस् भन्ने ठूलो अपेक्षा थियो । राजनीतिक दलहरूले पनि मधेशका जनता चाहना अनुसार अहिले गएका छन् । राजपा र फोरमको दुबैको परीक्षा भएको छ, अब बाकस खुले पछि मात्र परिणाम थाहा हुन्छ । राजनीतिक दलहरूले अहिले हामी एकीकृत भएर आयौं अब हामीलाई मत दिएर जिताउनुहोस् हामी हाम्रा एजेण्डाहरूलाई कार्यान्वयन गराउछौं भन्ने माग छ भने जनताको पनि परीक्षण हो । मत दिइसकेपछि उनीहरूको एजेण्डा, मधेश, तराई, थारू, आदिवासी, जनजातीको एजेण्डा कार्यान्वयन गराउने जिम्मेवारी पनि मधेसी दलहरूको हो । मधेशी दलहरू एक भएर आएको बेला जनताले कसरी मत दिए भनेर राष्ट्रिय-अन्तर्राष्ट्रिय जगत, सञ्चार जगत र बौद्धिक जगतले प्रतीक्षा गरिरहेको छ । त्यसैले जसले मत धेरै ल्याउँछ जनता सबै उसकै पक्षमा हुने भएकोले संविधान संशोधन हुने/नहुने भन्ने कुरा निर्वाचन पछिको मत परिणामले नै बताउनेछ ।

**० निर्वाचनपछि जनतालाई दिइएका आश्वासन पूरा हुनेमा कतिको आश्वश्त हुनुहुन्छ ?**

– राजनीतिक दलहरूले जति घोषणापत्रमा आश्वासन दिएका छन् त्यति सबै पुरा गर्ने हो भने त नेपाल त स्वर्ग नै बन्न सक्छ । घोषणापत्रमा उल्लेख गरिएका कुरा त जनतालाई देखाउनका लागि र जनतालाई ठग्नलाई मात्र हो । त्यसको एक प्रतिशत पनि काम गर्दैनन् तर गरे भने त राम्रो । जनता पनि राजनीतिक दलको घोषणापत्र प्रति एकदम कम आकर्षित हुन्छन् । हामीकहाँ जनता पनि पार्टीगत, जातीगत, पैसागत र अर्को गाउँमा दलको कार्यकर्ता हुन्छन् । कतिपय मतदाता कार्यकर्ता जे भन्यो त्यही हुन्छ भने कतिपय मतदाता जतिसुकै भने पनि आफ्नो स्वविवेक प्रयोग गरेर मतदान गर्छन् ।

# दाइजोमुक्त मधेशको परिकल्पना

*काली घटायें कुछ इस कदर छाई*
*रूपैये पैसौं मे मोल गूंजी शहनाई ।*
*व्यापारी ने मनचाही बोली लगाई*
*देनदार ने खुशी से गर्दन झुकाई ॥*
-कर्णिका पाठक

भारतकी प्रसिद्ध युवा कवियित्रीको उपरोक्त कवितांशले दाइजोका कारण नारीले भोग्ने पीडाको यर्थाथ चित्रण गरेको छ । दाइजोबाट नारीले भोग्ने मानसिक, शारिरीक, सामाजिक र आर्थिक प्रताडनाको मार्मिम चित्रण उपरोक्त कविताको सानो अंशबाट थाहा हुन्छ । वास्तवमा दाइजोले एउटा क्रुरतम सामाजिक समस्याको रूपमा जरो गाडेको छ ।

जब कसैको घरमा छोरीको विवाहको कुरा चल्छ अनि सुरू हुन्छ दाइजोको प्रसंग । बिहेमा के के दिने, कति दिने, कसरी जोहो गर्ने भन्ने विषयमा छोरीका बुबा, आमा तथा घर परिवारका सदस्यले विचार गर्न थाल्छन् । सम्पति नभए पनि विवाहमा ऋण गरेरै भए पनि दाइजोको नाममा केही दिनै पर्छ भन्ने एक प्रकारको नियम जस्तै बनेको पाईन्छ । विवाहित छोरीलाई खाली हात पठाउँदा समाजले के भन्ला अनि केटाको घरमा छोरीलाई के भन्लान् भन्ने चिन्ताबाट मुक्त हुन पनि दाइजो प्रथाले प्रश्रय पाएको छ ।

कतिपय समुदायमा त यो प्रथा त्यति बाध्यात्मक मानिदैन तर विशेषत: तराई/मधेशमा यो चलनकै रूपमा प्रचलित छ अथवा एक प्रकारको बाध्यकारी परम्परा नै बनेको छ । छोरीलाई सम्पति दिनुलाई गलत मान्न सकिदैन तर केटा पक्षबाट तोकेर नै यो यो चाहियो भनेर माग गर्नु र यसकै नाममा प्रताडना गरिएको खबर बारम्बार आउने गरेको छ ।

यसरी दाईजो प्रथाले व्यापकता पाउँदै गर्दा यसले समाजमा जरा गाडेको छ भने अर्को तिर यसले गम्भीर प्रकारको सामाजिक कुरीति पनि निम्याउँदै छ ।

विभिन्न चरणका संघर्ष र आन्दोलनसँगै नेपालमा थुप्रै राजनीतिक परिवर्तनहरू हुँदै गए । राणाशासन, पञ्चायत, राजतन्त्रलाई तिलाञ्जली दिँदै अहिले हामी संघीय लोकतान्त्रिक गणतत्रात्मक नेपालमा संविधानसभाबाट बनेको संविधानको कार्यान्वयनको चरणमा अगाडि छौं । राजनीतिक रूपमा जे-जति परिवर्तनहरू देखिए पनि सामाजिक रूपमा हामी अहिले पनि पछाडि नै छौं भन्ने विभिन्न सामाजिक कुरीतिबाट प्रष्ट हुन्छ र यसको ज्वलन्त उदाहरण बालविवाह, बहुविवाह, दाईजो प्रथा, बोक्सी प्रथा, चेलिबेटी बेचबिखन, छाउपडी प्रथा लगायतका हुन ।

त्यसमध्ये दाईजो प्रथा विशेष गरी मधेशमा मात्र नभइ सर्वत्र व्याप्त रहेको पाईन्छ । मधेशमा दाईजोलाई 'दहेज' भनिन्छ । यसले मधेशमा मात्र होईन देशभरी नै भयानक अवस्था सिर्जना गरेको छ ।

केटी पक्षले केटा पक्षलाई विवाहमा दिइने सम्पति नै मूलत: दाईजो हो । गरगहना, पैसालगायत घरजग्गा, सवारी साधन दाईजोको रूपमा दिने गरिन्छ । दाईजो प्रथा बेहुली पक्षलाई आर्थिक तथा मानसिक रूपमा अत्यन्त बोझिलो सावित हुन जान्छ । गरिबीबाट ग्रस्त परिवारलाई छोरीको विवाह गर्नु भनेको ऋणको भार बोक्नु सरह नै सावित हुन्छ ।

दाईजो प्रथाको आर्थिकभन्दा पनि सामाजिक र मनोवैज्ञानिक पाटो अझै विकराल छ । छोरा जन्मदा खुसी हुने परिवार छोरीको जन्म हुँदा दु:खी हुने गर्दछन् । छोरीमाथिको लैगिंक विभेद गर्भबाट नै सुरू हुने गरेको छ । दाइजो एक प्रथा भएकोले बाध्यात्मक छ । यसले समाजमा असमानता, उत्पीडन, हत्या तथा हिंसा जस्ता जघन्य सामाजिक अपराधलाई पनि टेवा दिइरहेको हुन्छ । हाम्रो समाजमा हुने महिला हिंसा, आत्महत्या जस्ता घटना यसका ज्वलन्त प्रमाणहरू हुन् । । विवाहपछि महिलाले दाईजो कम ल्याएकै बहानामा घरपरिवारका सदस्यहरूबाट नै



अपहेलित हुनुपर्ने, शारीरिक तथा मानसिक तनाव खेप्नुपर्ने, कुटपिट, गालीगलोज गर्ने जस्ता घटना समाजका लागि सामान्य बन्दै गएको छ ।

मधेशमा केटाको पढाई र जागिरलाई दाईजो मापन गर्ने माध्यमको रूपमा लिइन्छ । दाईजो प्रथा तराई/मधेशमा मात्र सीमित छैन्, हिमाल र पहाडमा पनि व्याप्त रहेको छ । भूगोलअनुसार नाम फरक भए पनि छोरीको विवाहमा विभिन्न नाममा सम्पत्ति दिने प्रचलन कायमै रहेको छ ।

दाइजो प्रथा होइन, कुप्रथा हो । दाईजो भनेको बुबाको सम्पत्तिमा छोरा सरह छोरीको पनि अधिकार हुनु हो त्यसैले यो प्रथा ठिक छ भनेर विश्लेषण गर्नेहरू पनि छन् । तर, बुबाको सम्पत्तिमा छोरीले अधिकार लिनको लागि दाईजो नै लिन जरूरी छ ? शिक्षा, स्वास्थ्यलगायतका छोरीको उज्जवल भविष्यका लागि बुबाले गर्न सक्ने धेरै पाटाहरू छन् ।

विवाहलाई हाम्रो समाजले पवित्र सांस्कृतिक तथा धार्मिक मान्यता प्रदान गरेको छ भने यो मान्यताभित्र विवाहमा दाईजो दिनुपर्छ भनेर कहीँ कतै उल्लेख गरिएको पाईदैन । यो परम्पराको नाममा फैलाइएको भ्रम मात्र हो ।

नेपालको संविधान २०७२ ले महिलालाई आर्थिक, सामाजिक तथा राजनीतिक रूपमा अधिकार समान हुनुपर्ने परिकल्पना गरेको छ । यसरी कानुनी रूपमा लैंगिंक समानताको बाटोमा हिँडेको नेपाली समाजले सामाजिक रूपमा विवाहको समयमा दाइजो प्रथालाई निरन्तरता दिनु विरोधाभास हो । विभिन्न समयमा दाईजो प्रथालाई सामाजिक अपराध हो भनेर निर्माण भएको कानुनलाई पानाहरूमा मात्र सीमित नराखी व्यवहारमै दाईजो प्रथालाई समाजबाट निराकरण गर्नु आजको आवश्यकता हो । हरेक सचेत नागरिकले दाइजो प्रथाले निम्त्याउने नकारात्मक पाटाहरूलाई संवेदनशील भएर मानसिक एवम् सामाजिक परिवर्तनका लागि ऐक्यबद्ध भएर अगाडि बढ्न जरूरी भइसकेको छ ।

२१ औं शताब्दीका शिक्षित महिलाहरूले दाइजो लिएर होइन अब्बल भएर अगाडि बढ्न सक्छु भन्ने मान्यता र सोचका साथ समाजमा विद्यामान दाइजो प्रथालाई हटाउन पहल थाल्नु अहिलेको आवश्यकता बनेको छ ।

यद्यपी, दाइजो दिनु र लिनु दुवै अपराध हो । हुनत् यसको लागि कानून नभएको होइन तर कानून पनि प्रभावकारी नहुनु र कार्यान्वयन पक्ष फितालो नहुँदा यसले समाजमा झन बढी प्रश्रय पाइरहेको छ । यदि दाइजो नामको यो प्रथालाई न्यूनीकरण गरियो भने निश्चय पनि मधेशमा छोरा र छोरीबीच हुने विभेदको पनि अन्त्य हुन जान्छ । हुन त अहिले आएर कतिपय बाआमाले छोरा र छोरीलाई समान रूपमा हेर्न थालेका छन् तर पनि दाइजो प्रथाले उनीहरूलाई कतै न कतै विवश बनाइरहेको कटु थयार्थ पनि छ ।



संगीता रेग्मी

राजपाको चुनावी राणनीति मात्र हो कि मधेशलाई दाइजोमुक्त समाज निर्माणको अभियान पनि हो, अहिले भन्न नसकिए पनि चुनावपछि उक्त पार्टीको योजना र कदममा निर्भर गर्छ । तर राजपाको यो घोषणा सांकेतिक रूपमा दाइजोमुक्त मधेशको लागि सार्थक कदम हो ।

**नियन्त्रणको चुनौती**

राष्ट्रिय जनता पार्टीले प्रदेश र प्रतिनिधिसभाको आफनो चुनावी घोषणा पत्रमा राजपाले 'उमेर पुगेका विवाहयोग्य महिलालाई विवाहको समयमा आधा तोला सुनको मंगलसुत्र वा सो बराबरको रकम प्रदान गरिने' भनेर दाइजोलाई निरूत्साही गर्ने राजनीतिक प्रतिवद्धता जनाएको छ । तर यो उसको चुनावी राणनीति मात्र हो कि मधेशलाई दाइजोमुक्त समाज निर्माणको अभियान पनि हो, अहिले भन्न नसकिए पनि चुनावपछि उक्त पार्टीको योजना र कदममा निर्भर गर्छ । तर राजपाको यो घोषणा सांकेतिक रूपमा दाइजोमुक्त मधेशको लागि सार्थक कदम हो ।

दाइजो समाधानका लागि सबैभन्दा पहिले कडा कानुन बनाउनुपर्छ । तर कानुन बनाएर मात्र हुँदैन, त्यसको कार्यान्वयनका लागि विशेष पहल गर्नुपर्छ । छोरीलाई दाइजो होइन शिक्षा दिऊँ भनेर सबैतिर चेतना फैलाउन सक्नुपर्छ । मधेसी महिला आफ्नो शिक्षाका बारेमा सोच्न सकोस् र स्वतन्त्रतापूर्वक बाँच्न सकोस् भन्ने वातावरण सृजना हुनुपर्छ ।

राज्यले पनि दाइजो प्रथा नियन्त्रण गर्न कडा कानुन बनाई कार्यान्वयन गर्नु आवश्यक भएको छ । आजको समयमा कानुनले पनि महिलालाई पुरूषसरह अधिकार दिएको छ तर पनि दाइजोको नाममा महिला प्रताडित भइरहेका छन् । बुबाको सम्पत्तिमा पनि छोरीको हक लाग्ने भइसकेको छ । महिलाले पनि पुरूषले सरह अवसर र सुविधा पाएमा सक्षम व्यक्ति बन्न सक्छन् यो कुरालाई एउटा अभियानकै रूपमा चलाउनु पर्छ ।

यो कहालीलाग्दो स्थितिलाई जतिसक्दो छिट्टो अन्त्य गर्न जरूरी छ । यसका लागि सबै महिला एकजुट भएर यो प्रथाको विरोधमा उत्रने हो भने एक दिन अवश्य यो प्रथा हटेर जानेछ । दाइजो दिने वा लिने दुवैलाई दण्ड सजायको व्यवस्था गर्नुपर्छ ।

## प्रमुख आयुक्तले मतदान गरेनन्



काठमाडौं । निर्वाचन आयोगका प्रमुख आयुक्त डा.अयोधिप्रसाद यादवले मतदान गरेका छैनन् । उनी मतदान गर्न गृह जिल्ला गएनन् । राजविराजका स्थानीयबासी उनको नाम यहीँको मतदाता सूचीमा रहेको छ । राजविराज-२ स्थित राजदेवी आधारभूत विद्यालय मतदान केन्द्रमा यादबको नाम मतदाता सूचीमा छ । 'दिउँसो १ बजेसम्म उहाँ मतदान केन्द्रमा आउनु भएको छैन', एक स्थानीयले भने ।

मतदान केन्द्रमा प्रमुख आयुक्त यादबको सोधीखोजी भइरहँदा उनी भने एउटा टेलिभिजनमा प्रत्यक्ष अन्तर्वार्ता दिइरहेका थिए । मतदान केन्द्रमा प्रमुख आयुक्त यादबको सोधीखोजी भइरहँदा उनी भने एउटा टेलिभिजनमा प्रत्यक्ष अन्तर्वार्ता दिइरहेका थिए । प्रमुख आयुक्त यादब मतदाता रहेको सप्तरी-२ मा संघीय समाजवादी फोरम, माओवादी र राजपाका बाघी उम्मेदवारबीच त्रिपक्षीय प्रतिस्पर्धा छ। यो क्षेत्रमा फोरम अध्यक्ष यादब, बाम गठबन्धनको तर्फबाट माओवादी केन्द्रका उमेश यादब र राजपाका बागी उम्मेदवार सहमहामन्त्री जयप्रकाश ठाकुरबीच त्रिपक्षीय प्रतिस्पर्धा छ । दोस्रो चरणको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा आयोगका अन्य आयुक्तहरूले भने मतदान गरेका छन् । आयोगका प्रवक्ता नवराज ढकालका अनुसार निर्वाचन आयुक्त इला शर्माले ललितपुर महानगरपालिका-१० कुमारीस्थान नर्सिङ अस्पताल मतदान केन्द्र, आयुक्त इश्वरीप्रसाद पौड्यालले ललितपुर महानगरपालिका-२, टीका विद्याश्रम मावि, सानेपा मतदान केन्द्र र आयुक्त सुधीरकुमार शाहले काठमाडौं महानगरपालिका-४ र धुमबाराही मावि, धुमबाराही मतदान केन्द्रबाट मतदान गरेका छन् । यसैगरी आयोगका सचिव बेगेन्द्रराज शर्मा पौड्यालले टोखा नगरपालिका-८ स्थित भुवनेश्वर मन्दिर, गौरीगाउँ मतदान केन्द्रबाट मतदान गरेका छन् ।

## आयुर्वेद विकासमा भारतले सहयोग गर्ने

नयाँदिल्ली । भारतले नेपालको आयुर्वेद विकासमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ । नेपालका आयुर्वेद चिकित्सकसँग बुधबार यहाँ भेट गर्दै भारतका आयुर्वेद तथा वैकल्पिक चिकित्सासम्बन्धी काम गर्ने आयुस मन्त्रालयका मन्त्री श्रीपद नाइकेले नेपालमा आयुर्वेद प्रदर्शनी, चिकित्सा शिक्षा र सेवालगायतका विकासमा काम गर्न सधैं तयार रहेको बताए ।

भारतमा गत १८ गतेदेखि शुरू भएको आरोग्य अन्तर्राष्ट्रिय सम्मेलन २०१७ मा नेपालबाट आउनुभएका सिंहदरबार वैद्यखानाका कार्यकारी निर्देशक डा वंशदीप शर्माखरेल, आयुर्वेद चिकित्सक संघका अध्यक्ष डा प्रकाश ज्ञवाली, सहकारी आयुर्वेद चिकित्सक संघका अध्यक्ष डा शंकर गौतम, आयुर्वेद विद्यार्थी समाजका अध्यक्ष डा सुमन खनालको टोलीले मन्त्री नाइकेसँग भारतमा आयुर्वेदको उच्च शिक्षाको कोटा बढाउन आग्रह गरेका छन् ।

अहिले भारतमा नेपाली विद्यार्थीका लागि १८ सिट मात्र छुटचाइएको छ । आयुर्वेद प्रतिष्ठान, पञ्चकर्म तथा योग केन्द्रको विकास, स्तरोन्नतिका लागि पहल गर्न पनि टोलीले आग्रह गरेको थियो ।

मन्त्री नाइकेले द्विपक्षीय सहयोगका लागि सदैव सकारात्मक रहेको तथा नेपालबाट औपचारिक प्रस्ताव आए तुरून्त कार्यान्वयन गर्ने बताए । आयुष मन्त्रालयका सचिव वैद्य राजेश कोटेचाले अहिलेसम्म नेपाल सरकारको तर्फबाट औपचारिकरूपमा विकासका लागि कुनै प्रस्ताव नआएको बताए ।

उनले यस्तो कुनै पनि प्रस्ताव आएमा आयुर्वेदको हरेक विधामा विकास अनुसन्धानमा सहयोग गर्न तयार रहेको स्पष्ट पारे । –राससबाट

## मधेश अपडेट

### मधेशी गठबन्धनको जीत हुन्छ : सुमन

सप्तरी । राष्ट्रिय जनात पार्टी नेपालका महासचिव मनिषकुमार सुमनले सप्तरीको चारवटै निर्वाचन क्षेत्रमा मधेशी गठबन्धनको जीत हुने दाबी गरेका छन् । राजविराजस्थित केसरी अनरूदवती मावि मतदान केन्द्रबाट मतदान गरेपछि सञ्चारकर्मीहरूसँग कुरा गर्दै सुमनले यस्तो दाबी गरेका हुन् । उनले मधेशी जनताको अधिकारका लागि मधेशी गठबन्धन नै जित्नुपर्ने बताए । मधेशी जनताको हक र अधिकार नभेटेसम्म मधेशी जनताको आन्दोलन र संघर्ष पनि जारी रहने उनले बताए ।

### राजपा कार्यकर्तामाथि आक्रमण

सर्लाही । मतदानका लागि लाइनमा बसेका राष्ट्रिय जनता पार्टी नेपालका कार्यकर्तामाथि नेपाली कांग्रेसका कार्यकर्ताले आक्रमण गरेका छन् । सर्लाहीको कौडेना गाउँपालिकाको फुलपरासी बुथमा कांग्रेसका कार्यकर्ताले आक्रमण गरेका छन् । कांग्रेसका कार्यकर्ताले आक्रमण गर्न थालेपछि झडपमा हुँदा राजपाका तीन जना घाइते भएका छन् । जसमा एक महिलाको अवस्था गम्भीर रहेको जनाइएको छ । कांग्रेस कार्यकर्ताले आक्रमण गर्न थालेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले चार राउण्ड हवाई फायर गरेको थियो । कांग्रेसका कार्यकर्ताको आक्रमणबाट राजपाका कार्यकर्ता सरोज कुमार यादव, मनोज कुमार यादव र रामरती देवी यादव घाइते भएका छन् ।

### ४१ वर्षपछि स्कूल पुगे उपेन्द्र यादव

सप्तरी । संघीय समाजवादी फोरम नेपालका अध्यक्ष उपेन्द्र यादवका लागि शुक्रबारको दिन निक्कै नै गम्भीर र मार्मिक बन्यो, जब उनि आफूले बाल्यकालमा अध्ययन गरेको स्कूल पुगे । एकचालिस वर्षपछि आफुले अध्ययन गरेको विद्यालयमा शुक्रबार पुगेका फोरम नेपालका अध्यक्ष यादवको अनुहारमा आश्चर्य तथा गम्भीरता दुवै झल्कियो । 'ओ हो ! यो भवनको छत त जिर्ण भएछ' आफु पढ्दाको विद्यालय भवन नियाल्दै उनले भने 'मर्मत सम्भार भएन भने खतरा छ ।' आफुले अध्ययन गरेको सप्तरीको बभनगामाकट्टी स्थित लक्ष्मी बल्लभ नरसिंह उच्च माध्यमिक विद्यालय पुग्दा उनलाई किशोरावस्थाको चित्र मानसपटलमा उत्रिएछ । अनि भने 'हामी पढ्दा यो एउटा मात्र भवन थियो, तर, अहिले छेउछाउमा थप भवनपनि बनेछन् विद्यालयको आकारपनि बढेछ ।' करिब आधा घण्टा विद्यालय प्राङ्गणमा विताएका उनले त्यतिबेलाको एक तल्ले छात्रावास समेत अवलोकन गर्न भ्याए । उक्त छात्रावास यतिबेला दुई तल्ले छ । विद्यालयमा प्राचार्य सुर्यनारायण साह लगायत अन्य शिक्षकहरूले गरेको स्वागत ग्रहण गर्दै उनले त्यहाँको समस्याका बारेमा जानकारी समेत लिए ।

### आर्थिक समृद्धिको आधारशीला : चौधरी

बुटवल । नेपाली काङ्ग्रेसका नेता एवं उद्योगपति विनोद चौधरीले नेपाली कांग्रेसले तयार गरेको सामाजिक एवं आर्थिक विकासको मार्गचित्र आर्थिक समृद्धिको आधारशीला हुने विश्वास व्यक्त गरेका छन् । बुटवलमा आयोजित उद्योगी व्यवसायीको वृहत् भेलालाई सम्बोधन गर्दै उनले यस्तो विश्वास व्यक्त गरेका हुन् । नेपाली कांग्रेसको आर्थिक समृद्धि र विकास समन्वय उपसमितिका संयोजक समेत रहेका चौधरीले तयार गरेको उक्त मार्गचित्र पार्टीले शुक्रबार राजधानीमा सार्वजनिक गरेको थियो । पूर्णकालीन राजनीतिमा प्रवेश गरेसँगै नेपाली कांग्रेसले उनलाई उक्त उपसमितिको संयोजकको जिम्मेवारी दिएको थियो । सो अवसरमा बोल्दै उनले आर्थिक समृद्धिको अभियान सुरू भइसकेकाले उद्योग व्यवसायीको साथ आवश्यक रहेको बताए । राज्यले व्यापार गर्ने नभई निजी क्षेत्रलाई व्यापार व्यवसायका लागि आवश्यक पूर्वाधार र उपयुक्त वातावरण निर्माण गर्नुपर्ने धारणा उनले व्यक्त गरे । लगानीकर्तालाई आकर्षित गर्न पुँजी निर्माणका लागि अवसर सिर्जना गर्न सहुलियतपूर्ण कर भुक्तानीको व्यवस्था मिलाउन सकिने उनको कथन थियो । निजी क्षेत्रद्वारा स्थापना हुने उद्योगले रोजगारीका निश्चित शर्तहरू पालना गर्नुपर्ने र रोजगारीको ग्यारेण्टी गरिएवापत राज्यले उद्योग स्थापनाको समयमा लगानीकर्तालाई नगद प्रोत्साहन दिने नीति लिनुपर्ने उनले स्पष्ट पारे । यसो गर्न सकेमा ठूलो मात्रामा रोजगारीको अवसर नेपालमा नै सिर्जना गर्न सकिने र रोजगारीका लागि विदेशिएका नेपालीलाई नेपाल फर्काएर आर्थिक समृद्धिको यात्रा तय गर्न सकिने उनले बताए ।

### ओली कहिल्यै प्रधानमन्त्री बन्दैनन् : देउवा

धनगढी । प्रधानमन्त्रीसमेत रहेका नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले एमाले अध्यक्ष केपी शर्मा ओली कहिल्यै प्रधानमन्त्री बन्न नसक्ने दावी गरेका छन् । आगामी चुनावमा कांग्रेसको बहुमत सुनिश्चित भइसकेको दावी गर्दै देउवाले ओली प्रधानमन्त्री बन्ने सम्भावना टरेको बताएका हुन् । 'म फेरि पनि प्रधानमन्त्री बन्ने पक्का भइसक्यो, बरू ओली अब कहिल्यै पनि प्रधानमन्त्री बन्नुहुन्न' कैलालीको धनगढीमा एउटा साक्षात्कारमा देउवाले भने, यो चुनावमा पनि नेपाली कांग्रेसको बहुमत आउने सुनिश्चित छ ।' वामपन्थीहरूलाई जनताले भोट नदिने बताउँदै देउवाले भोट हालिसकेपछि पनि ओलीले चुनाव सारिसकेको सपना देखेको आरोप लगाए ।

### प्रचण्डको व्यवहारबाट बाँदरमुढेका पीडितहरू चकित

चितवन । चुनावको मुखमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बाँदरमुढे घटनाका पीडितलाई फेरि झुक्याएको खुलासा भएको छ । उनले बाँदरमुढे घटना पीडित संघर्ष समितिसँग कुनै छलफलै नगरी तीनबुँदे समझदारी भएको सूचना सार्वजनिक गराएका छन । समितिले घटनालाई अतिरिञ्जित पार्न खाजेको आरोप लगाएको छ । समितिलाई तीनबुँदे समझदारीबारे जानकारीसमेत दिइएको छैन । समझदारी गर्ने व्यक्ति घटनाका पीडित सम्मिलित संघर्ष समिति बाहिरका छन् । माओवादीले लगातार घटना दबाउन खोजेको बताउँदै बाँदरमुढे संघर्ष समितिका अध्यक्ष मुक्ति न्यौपानेले भने, 'चुनावको मुखमा फेरि तीनबुँदे समझदारी गराएर घटनालाई मत्थर पार्ने प्रयास भएको छ ।' अध्यक्ष न्यौपानेले टेलिफोनमा भने, 'मैले १२ वर्ष संघर्ष गर्दै आएँ । समितिको अध्यक्षलाई नै जानकारी नदिई कसलाई लिएर वार्ता गरे ? यो वार्ता सार्थक छैन, ढाँट, छल गरेर मतदाता ढाँट्ने प्रयास मात्र हो ।' आफूले सहमति भएको भनेर एकैपटक फेसबुकमा देखेर थाहा पाएको उनी बताउँछन् । 'म अध्यक्ष हुँ । मलाई जानकारी हुनुपर्दथ्यो । तर छलफलमै ल्याइएन । यो सहमति हुनै सक्दैन । मेरो आपत्ति छ । यसमा म खेद प्रकट गर्दछु ।' अध्यक्ष न्यौपानेले थपे 'म आफू पनि वार्तामा बस्न चाहिरहेको थिएँ । पीडितको कुरा राख्न चाहन्थेँ । तर, यो नियोजित रूपमा पीडितहरूलाई नै भजाउन (विभाजित)का लागि हो ।' ०६२ जेठ २३ गते यात्रुवाहक बसलाई लक्षित गरी तत्कालीन नेकपा माओवादीले माडी बाँदरमुढेमा बम विष्फोट गराउँदा ३९ जनाले ज्यान गुमाएका थिए । ७२ जना घाइते भएका थिए । घटनामा ज्यान गुमाउनेमा २२ जना माडीकै थिए । यस्तै घाइतेमध्ये पनि अधिकांश माडीकै वासिन्दा थिए ।

### संविधानले पूर्णता पायो : गच्छदार

सुनसरी । उपप्रधानमन्त्री तथा नेपाली कांग्रेसका नेता विजयकुमार गच्छदारले यो निर्वाचनसँगै संविधानले पूर्णता पाएको बताएका छन् । सुनसरीको दुहवी नगरपालिका वडा नम्बर २ को तुताहामा रहेको नवीन शिक्षा निकेतन मतदान केन्द्रमा गच्छदारले मध्यान्ह मतदान गरेपछि सो प्रतिक्रिया दिएका छन् । जनताले जनताका लागि निर्माण गरेको संविधानले पूर्णता पाएको र संविधान अधिकार सम्पन्न भएको बताउँदै गच्छदारले भने, '७० वर्षदेखि जनताले देखेको सपना पूरा भएको छ, आजको मतदानले सहिदको समेत सपना पूरा गरेको छ ।' संविधान पूर्णतया कार्यान्वयन भएको दिन भएकाले आफूलाई अन्यन्त गर्व लागेको बताए । अरू गणतान्त्रिक मुलुकजस्तै अब मुलुकले राजनीतिक समस्या छाडेर विकासमा अघि लम्कने विश्वास उनले गरे ।

### मोरङमा उत्साहजनक मतदान

विराटनगर । मोरङमा शान्तिपूर्ण ढंगले मतदान भएको छ । जिल्लाका ७५८ वटा मतदान केन्द्रमा मतदाता उत्साहका साथ मतदान गरेका छन् । नेपाली काँग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले विराटनगरस्थित आदर्श विद्यालयस्थित मतदान केन्द्रबाट बिहान ७ बजे मतदान गरेका छन् । उनी क्षेत्र नं ६ को प्रतिनिधिसभा सदस्य उम्मेदवार छन् । त्यस्तै, नेकपा (एमाले)का पोलिटब्यूरो सदस्य एवं क्षेत्र नं ६ का उम्मेदवार लालबाबु पण्डितले विराटनगरको महेन्द्र मोरङ क्याम्पसस्थित मतदान केन्द्रबाट र नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवम् क्षेत्र नं ४ का उम्मेदवार महेश आचार्य जनता मावि मतदान केन्द्रबाट मतदान गरेका छन् ।

# मधेशमा प्रतिनिधि/प्रदेशसभा निर्वाचनका केही झलक



सिरहाको लहानमा मतदानका लागि लाइनमा बसेका मतदाताहरू।



धनुषामा मतदानका लागि लाइनमा बसेका मतदाताहरू।



वीरगन्ज महानगरपालिकामा मतदानका लागि लाइनमा बसेका मतदाताहरू।



मोरङको विराटनगर महानगरपालिकामा मतदानका लागि लाइनमा बसेका मतदाताहरू।



राजपा अध्यक्षमण्डलका नेता तथा महोत्तरी क्षेत्र नं. २ का उम्मेदवार शरत्सिंह भण्डारी मतदान गर्दै।



स्वतन्त्र राजनीतिक समूहका नेता तथा नवलपरासी क्षेत्र नं. १ का उम्मेदवार हृदयेश त्रिपाठी मतदान गर्दै।



उपप्रधानमन्त्री तथा नेपाली कांग्रेसका नेता विजयकुमार गच्छदार मतदान गर्दै।



राजपा नेपालका अध्यक्षमण्डलका नेता तथा रौतहट क्षेत्र नं. १ का प्रतिनिधिसभा सदस्य उम्मेदवार अनिलकुमार झा मतदान गर्दै।



नेपाली कांग्रेसका नेता तथा धनुषा निर्वाचन क्षेत्र नं. ३ का प्रतिनिधिसभा सदस्य उम्मेदवार विमलेन्द्र निधि मतदान गर्दै।



राजपा नेपालकी वरिष्ठ उपाध्यक्ष तथा महोत्तरी निर्वाचन क्षेत्र नं. ३ (ख) प्रदेशसभा सदस्य उम्मेदवार रानी शर्मा मतदान गर्दै।



राजपा नेपालका महासचिव मनिष सुमन मतदान गर्दै।



महोत्तरीको एक मतदान केन्द्रमा मतदान गर्दै एक महिला।



बाँकेको एक मतदान केन्द्रमा मतदान गर्दै मुस्लिम महिला।

# नेपालको लोकतान्त्रिक परिवेश : एक समीक्षात्मक टिप्पणी

**पृष्ठभूमि :** लोकतान्त्रिक परिवेशको थालनीको एकमात्र उद्देश्य त्यस अभियानमा लाग्ने राजनीतिक अग्रणी दलहरूको प्राथमिक कार्य देश र जनजीवनका लागि जनकल्याणकारी कार्यहरूलाई प्राथमिकता दिई त्यस अनुरूप आ-आफ्नो दलका तर्फबाट कार्यक्रम संचालन गर्न हुनु पर्ने हो र त्यस क्रममा निर्वाह गर्नुपर्ने भूमिकाहरूका लागि अन्य सान्दर्भिक र मिल्दोजुल्दो परिवेशमा भएका अन्य देशहरू लगायत छिमेकी देशहरूले त्यस क्रममा गरेका उल्लेखनीय कार्यहरूबाट समेत सन्दर्भस्वरूप प्रेरणा ग्रहण गरी अघि बढ्नु पर्ने हो । राजनीति भनेको त्याग र समर्पणको भावना लिई जिम्मेवारी र दायित्व निर्वाह गर्नु पर्ने पवित्र र लोककल्याणकारी पेशाको नाम हो तर आजभोलि खासगरीकन २०४६ सालको जनआन्दोलन पश्चात् नेपालको लोकतान्त्रिक परिवेशको राजनीतिक दलहरू जे-जस्तो प्रकारले भए पनि आ-आफ्नो दलीय प्रभुत्व जमाउन र वर्चश्व कायम गर्न निमित्त देश र जनजीवनलाई विल्कुलै उपेक्षित, तिरस्कृत र हर प्रकारले बञ्चित राख्दै आ-आफ्ना दलीय गतिविधिहरू संचालित गर्दै आएको छर्लङ्ग प्राय: भै सकेको देखिएकोछ । नेपालको लोकतान्त्रिक परिवेशको २०४६ सालमा भएको थालनी पश्चात् शासनमा संलग्न राजनीतिक दलहरूका आजसम्मको क्रियाकलापहरूलाई हेर्दा अंग्रेजी साहित्यका प्रख्यात विद्वान 'जर्ज बर्नार्ड शा' ले व्यक्त गर्नु भएको यस अभिव्यक्ति- "लोकतन्त्र कहिले पनि बहुसंख्यकको हितमा शासन प्रणाली हुन सक्दैन, त्यो त सीमित संगठित अल्पसंख्यक समुदायको स्वार्थसिद्ध गर्ने शासनप्रणाली मात्र हो ।" को सम्झना मात्र हुन आउँछ ।

त्यति मात्र होइन छिमेकी मुलुक भारतका प्रख्यात साहित्यकार (काहानीकार) ले व्यक्त गर्नु भएको यस अभिव्यक्ति- "लोकतन्त्र मे सरकार अपना काम करती रहती है और जनता अपना काम करती रहती है, दोनो मे कोई तालमेल नही होता है और जबतक यह क्रम चलता रहता है तबतक लोकतन्त्र चलती रहती है ।" समेतको सहजै सम्झना हुन आउँछ ।

अर्को सान्दर्भिक, प्रेरणीय, अनुकरणीय विश्वकै इतिहासको अग्रणी प्रसंगको उल्लेख गर्नु समेत प्रासंगीक हुन आएको छ । छिमेकी मुलुक भारतलाई अंग्रेजी शासन (ब्रिटिशको हुकुमत) बाट मुक्त गरी स्वतन्त्र भारतको निर्माण गर्ने क्रममा सन् १९४७ ई. मा भारतका राष्ट्रपिता महात्मा गान्धी (मोहनदास कर्मचन्द गान्धी) को नेतृत्वमा विश्वकै इतिहासमा ऐशोआराम र मौजमस्तीको जीवन बीताएका अग्रणी व्यक्तित्व भारतका प्रथम प्रधानमन्त्री पंडित जवाहरलाल नेहरूले आफ्ना समस्त पैतृक सम्पति, तन, मन, धन सबै समर्पित गरे, त्यस्तै भारतका प्रथम राष्ट्रपति डा. राजेन्द्र प्रसाद, सरदार बल्लभभाई पटेल जस्ता राष्ट्रिय विभूति र व्यक्तित्वहरूले 'अंग्रेज भारत छोड्' आन्दोलनलाई सफल पार्दै तथा अंग्रेजलाई भारतबाट लखेटेर स्वतन्त्र भारतको निर्माण गरेका थिए । ती महान विभूतिहरूले आफ्नो स्वार्थलाई कहिले पनि प्राथमिकता नदिई देश र जनताको हर प्रकारले कल्याण गर्ने कार्यमा आ-आफ्ना जीवन पूर्ण रूपमा समर्पित गरेका कारण आज भारत विश्वको अग्रणी देशको रूपमा प्रतिष्ठित र प्रतिस्थापित भै सकेको छ । देश र जनजीवनका लागि आ-आफ्ना जीवन नै पूर्णरूपले समर्पित गर्ने तीनै महान विभूतिहरूको अनुकरण तत्पश्चात्का प्रधानमन्त्रीहरू लालबहादुर शास्त्री, अटल बिहारी वाजपेपी देखि वर्तमान प्रधानमन्त्री नरेन्द्र मोदी समेतले त्यसक्रमको निरन्तरता दिँदै आएका कारण आज भारत विश्वकै एक अग्रणी प्रगतीशील राष्ट्रको रूपमा प्रतिस्थापित भै सकेको छ ।

नेपालमा २०४६ सालको जनआन्दोलनको एकमात्र उद्देश्य पुरानो एकतन्त्रीय प्रकारको शासन प्रणालीलाई फालेर देश र जनताका लागि लोककल्याणकारी स्थापित गर्ने क्रममा संलग्न अग्रणी राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा एमाले, माओवादी केन्द्रका शीर्ष नेताहरू लगायतका कार्यकर्ताहरू सबैले लोककल्याणकारी लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु रहेको व्यापक प्रचारबाजीको फलस्वरूप नेपालका जनताले ज्यू-जानले तिनीहरूलाई साथ दिएपछि नेपालका लोकतान्त्रिक गणतन्त्रको स्थापना त भयो तर त्यसमा संलग्न राजनीतिक दलका अग्रणी र शीर्ष नेताहरू लगायतका कार्यकर्ताहरू मध्ये कसैले पनि अलिकति त्याग, समर्पण जनजीवनप्रति जिम्मेवारीको उदाहरण प्रस्तुत गर्न सकेका छैनन् बरू २०४६ साल अगाडी सामान्य जीवनयापन समेत ठीकसँग गर्न नसक्ने अवस्थामा रहेका प्राय: सबै राजनीतिक दलका शीर्ष नेता तथा कार्यकर्ताहरू प्राय: सबै लोकतान्त्रिक गणतन्त्र स्थापित भएको साढे दुई दशकको अवधि भित्र नै एकतिर करोडपति देखि अरबपति सम्म बन्न पुगेका छन् भने देश र जनता दिन-प्रतिदिन घोर त्रासदीपूर्ण अवस्थामा येन-केन प्राण रक्षा गर्दै आएका छन् । नेपालको सत्ताकेन्द्रमा रहेकाहरू मध्ये त्यागी र समर्पित व्यक्तिको नाम लिने हो भने लोकतन्त्र र लोकतान्त्रिक दल नेपाली कांग्रेसका संस्थापना गर्ने क्रममा आफ्ना सारा सम्पत्ति, तन, मन, धन र जीवन पूर्ण रूपले समर्पित गर्नेमा नेपाली कांग्रेसका एकमात्र संस्थापक, संरक्षक, सम्बर्द्धक र सम्पोषकका रूपमा एकमात्र त्यागी व्यक्तित्व महामानव सुर्वण शमशेरको नाम मात्र लिन सकिन्छ । उनले बी.पी. कोइरालालाई संरक्षण दिएर अघि नबढाएको भए शायद २००४साल पछि वि.पी. को कुनै अस्तित्व पनि रहने थिएन होला तर पनि आज महामानव सुवर्ण शमशेरको नाम नेपाली कांग्रेसको इतिहासमा पछि नै बाध्यतावश लिने गरिएको छ । नेपालका तथा कथित लोकतन्त्रवादी शीर्ष नेताहरूको अझसम्मको मानसिकता र दृष्टिकोण एवं विवेक हेर्दा छिमेकी मुलुक भारतका महात्मा गान्धी, पंडित जवाहरलाल नेहरू, डा. राजेन्द्र प्रसाद, सरदार बल्लभभाई पटेल जस्ता शीर्ष महामानवहरू यदी नेपालमा जन्मेका हुन्थ्ये भने तिनीहरू नाम समेत सुवर्ण शमशेर जस्तै गौण पारिने थियो होला भन्दा पनि अत्युक्ति हुने छैन । नेकपा एमालेमा पुष्पलाल र मनमोहन अधिकारी नाम तर अग्रणी पंक्तिमा हालसम्म लिने गरिएको छ, जसलाई राम्रो मान्न सकिन्छ । नेपालको सत्तामा रहेका त्यागी व्यक्तित्वमा सुवर्ण शमशेर पछि २००७ सालको प्रजातान्त्रिक आन्दोलनका अगुवा र त्यागी व्यक्तिका रूपमा श्री ५ महेन्द्रको समेत नाम लिन सकिन्छ, जसले- "म मरे पनि मेरो देश बाँची रहोस" भन्ने राष्ट्रभक्ति र देशप्रेमको अमर छाप छोडेका छन् । तर लोकतान्त्रिक गणतन्त्रन्को बहाली पश्चात्का समयदेखि आजसम्मका नेपालका तथाकथित लोकतन्त्रवादीहरूको आजसम्मको सत्तालिप्सा र स्वार्थपूर्तिमा निरन्तर संलग्न रहेको अवस्था तथा देश र जनजीवन प्रतिको पूर्ण बेवास्तायुक्त दृष्टिकोण तथा क्रियाकलापहरू हेर्दा तिनीहरूले - नेपाल र नेपाली नरहे पनि हामी सदा सत्तामा बनी रहौं, सदा हाम्रो नै वर्चश्व एवं आधिपत्य कायम रहोस । दृष्टान्त प्रस्तुत गरी सकेका छन् ?

के यस्तै प्रकारका सत्तासुख भोगी, सदा सत्तासीन बनी राख्ने र देश तथा जनतालाई पूर्ण बेवास्ता गर्दै नरकीय जीवन व्यतीत गर्ने प्रकारको अमानवीय र घोर अलोकतान्त्रिक आचरण गर्ने राजनीतिक दलका शीर्ष नेताहरूबाट नेपाल र नेपालीको उत्थान र विकास हुन सक्छ त ? अब नेपाली जनताले जागरूकता र सचेतनता देखाई एकजूट भएर लोकतन्त्रका त्यस्ता छद्मभेषीहरूलाई नफालेमा नेपाल र नेपालीको कहिले कल्याण हुने छैन ? आज नेपालको लोकतान्त्रिक गणतन्त्र ती गद्दारहरूले गर्दा विश्वमञ्चमै सर्वत्र आलोच्य र निन्दनीय बन्न पुगेको छ ।

# छिटफुट घटना बाहेक शान्तिपूर्ण रूपमा मतदान : जियोक

काठमाडौं । ४५ जिल्लामा भएको आम निर्बाचन छिटफुट घटना बाहेक शान्तिपुर्ण रूपमा सम्पन्न भएको छ । आम निर्बाचन पर्यबेक्षण समिति (जियोक)का पर्यबेक्षकहरूले दिएको रिपोर्ट अनुसार मतदाताहरू उत्साहजनक रूपमा बिहानै देखि मतदानमा सहभागी भएका भएपनि ६० देखि ६५ प्रतिशत मात्र मत खसेको छ ।

आम निर्वाचन पर्यवेक्षण समिति (जियोक)बाट परिचालित ५ सय भन्दा बढी पर्यवेक्षकहरूले बिहानै देखि ७ वटै प्रदेशमा पर्यबेक्षण गरेका थिए ।

निर्वाचन आयोगको कार्यतालिका बमोजिम भएको दोस्रो चरणको निर्वाचनमा आयोगको तयारी, मतदान अधिकृतहरूको व्यवस्थापन र मतदान सामाग्रीहरूको ढुवानी र मतदान पश्चात मतपेटिकाको सुरक्षा ब्यबस्था सन्तोषजनक रहेको देखिएको छ ।

मतदान केन्द्रहरूमा निर्बाचन आयोगका कर्मचारीहरू, राजनीतिक पार्टीका प्रतिनिधि, स्वयंसेवक, बिभिन्न संस्थाबाट खटिएका पर्यबेक्षकहरू, पत्रकारहरू, अन्तराराष्ट्रिय पर्यबेक्षकहरूको चासो र सक्रियता प्रभाबकारी देखियो । पाल्पामा लाश बोकेर आर्यघाट जादै गर्दा लाश भुइमा राखेर सबै मलामी लाममा लागेर मतदान गरेका थिए । मतदानमा महिलाहरूको उल्लेख्य सहभागिता रहेको र मन्दिर परिसरमा मतदान केन्द्र भएका कारण महिलालाई मतदान गर्न असर परेको कहीं पनि देखिएन ।

मतदान गर्न जाने बृद्धाबृद्धा र अपागता भएकाहरूलाई स्वयंसेबकहरूले सजिलै मतदान गर्न सहयोग गरेका थिए भने कतिपय मतदान केन्द्रमा एकै ब्याक्तिले मतदान गराउन लगेको कारण बिबाद उत्पन्न भएको थियो । बिबादपछि एकै ब्याक्तिलाई मतदान गर्न लैजानबाट रोकिएको थियो ।

निर्वाचनको तयारीको सम्बन्धमा कतिपय निर्वाचन केन्द्रहरू साँगुरो भएका कारणले मतदान गर्न कठिनाई स्वंय मतदाताहरूले बताएका थिए । सप्तरीको राजविराज स्थित आधारभूत विद्यालयमा रहेको मतदान केन्द्र निकै साघुरो भएका कारण मतदान गर्न जानेहरू र निर्बाचन आयोगका कर्मचारीहरूलाई निकै अफ्टयारो भएको थियो । त्यस्ता साघुरा मतदान केन्द्रहरू देशका अन्य ठाउमा पनि रहेका थिए । पायक पर्ने बिधालय र मन्दिरको प्रागण खोज्नुपर्ने बाध्यताले गर्दा त्यस्तो भएको निर्बाचन आयोगले जनाएको छ ।

चितवनको राष्ट्रिय मा.वि. चितवन र ठूलो बालकुमारी मा.वि.मा एउटै स्थलमा सातवटा मतदान केन्द्र भएकोले धेरै भिडभाड हुन पुगेको र मतदातालाई गोपनीयता कायम समेत गाह्रो भएको थियो ।सामान्यतया सबै स्थानमा विहान ७ बजेदेखि ८.१५ बजे भित्र मतदान प्रक्रिया सुरू भएको थियो । केही स्थानमा दलहरूको प्रतिनिधि ढिलो पुगेको र पानी परेको कारण मतदान ढीलो प्रारम्भ भएको थियो ।

सप्तरी क्षेत्र नं. २ अन्तर्गत आधारभूत विद्यालय महादेवा मतदान केन्द्रमा कूल ९६० मतदाता रहेकोमा कसैले पनि मत खसालेनन । त्यसैगरी राजविराज प्राथमिक विद्यालय राजदेवी मतदान केन्द्रमा मतदातासँग परिचयपत्र भएको तर भोटर लिष्टमा नाम नभएकोले भोट खसाल्न पाएनन ।

**निर्वाचन सुरक्षा**

सुरक्षाको दृष्टिकोणले उच्च सतर्कता अपनाइएको भएपनि नबलपरासीको देबचुली नगरपालिका वडा नं १२को दिब्यज्योति निमाबि मतदान केन्द्र भित्रै १० बजेर ८ मिनेट जादा बम पडकिना साथ मतदानका लाइन बसेका नागरिक भागदौड हुदा दुइ जना घाइते भएका छन । एक घण्टा स्थगित भै पुन मतदान प्रारंभ भएको थियो ।

काठमाडौको सतुंगलको मतदान केन्द्रमा बम पडकिएको थियो । बम पडकिएपछि मतदातामा त्रास फैलिएको जियोकका पर्यबेक्षकहरूले जानकारी गराएका छन । धनकुटाको आखी सल्ला गाउपालिका भबनमा रहेको मतदान केन्द्र नजिकै बिहान ६ बजे देखि १०.३० सम्म लगातार ६ पटक बम पडकिएको थियो तर कोही पनि घाइते भएका छैनन ।

निर्वाचनको सुरक्षाको बारे अधिकांश स्थानमा तीन घेरामा म्यादी तथा नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेनाको राम्रो व्यवस्थापन देखियो । निर्वाचन प्रक्रियालाई प्रभाव पार्ने गरी केही स्थानमा वम राखिएको कारण केही मतदाता मतदानमा सहभागी नभएको पाइयो तर त्यो संख्या निकै न्युन रहेको छ ।

काठमाण्डौको नैकापमा आज विहान एउटा बम भेटिएको र त्यसलाई नेपाली सेनाले निस्कृय बनाएको थियो । त्यसैगरी तुल्सीपुर उपमहानगरपालिकाको बसपार्कको खुल्ला स्थानमा विहान बम विष्फोट भएको तर क्षति भने भएन । चितवनको रत्ननगर सुब्बा चोकमा पनि विहान ६.३० बजे रातो कपडा बेरेर राखेको अवस्थामा बम भेटिएको र सेनाले निष्कृय बनाएको थियो ।

पर्यबेक्षकहरूले दिएको जानकारी अनुसार निर्वाचन प्रक्रिया अधिकांश ठाउमा सरल र प्रभावकारी भएको, मतदाताहरूमा पनि उत्साह देखिएको तर मतदान प्रतिशतमा भने अघिल्लो निर्वाचनको भन्दा कमी आएको छ। अहिले सम्मको प्रारम्भिक रिपोर्ट अनुसार ६० देखि ६५ प्रतिशत मत खसेको छ ।


## क्यान्सर

**शरीरमा अनियन्त्रित रूपमा कोषहरूको असमान्य बृद्धि हुनुलाई क्यान्सर भनिन्छ । यो सरूवा रोग होइन ।**

**क्यान्सर रोग चेतावनीका चिन्हहरू :**

- स्तनमा गिर्खा आउनु/गाँठागुँठी आउनु ।
- मुसा, कोठीमा परिवर्तन आउनु ।
- पाचनकृया र दिशा गर्ने बानीमा बारम्बार परिवर्तन आउनु ।
- लामो समयसम्म खोकी लाग्नु र स्वर परिवर्तन हुनु ।
- महिनाबारीमा धेरै रगत बग्ने अथवा अनियमित रगत बग्ने ।
- अन्य शरीरको भागबाट अनियमित रगत बग्ने ।
- कुनै घाउ वा सुजन निको नहुने ।
- शरीरका कुनै पनि अंगको कोषमा अनियन्त्रित बृद्धि हुन गई क्यान्सर हुन सक्दछ ।

तसर्थ क्यान्सर रोग लागेको शंका लागेमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी उपचार बारे आवश्यक जानकारी लिनु पर्दछ ।

**जिल्ला जनस्वास्थ्य कार्यालय, काठमाडौं, टेकू**


## संक्षिप्त समाचार

### रहेनन् कुस्ती खिलाडी यादव



मधु यादव

राजविराज । सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका कुस्ती खेलाडी मधु यादवको ८२ वर्षको उमेरमा मंगलबार निधन भएको छ । उनी साविक कोइलाडी मधेपुरा गाविसको विगत १५ वर्षदेखि निरन्तर वडाध्यक्ष रहँदै आएका थिए । उनी विगत केही समयदेखि मधुमेह तथा मुटुरोगबाट पीडित रहँदै आएका थिए । कुस्ती खेलको राष्ट्रिय खेलाडीसमेत रहेका उनको जिल्ला तथा राष्ट्रियस्तरका विभिन्न प्रतियोगितामा सहभागी भई दर्जनौं कप, पदक तथा पुरस्कारसमेत प्राप्त गरेका थिए ।

### पेस्तोलको गोली र खुकुरी सहित पक्राउ

मोरङ । बिराटनगर महानगरपालिका-१३ रोडशेष चोक नजिक बस्ने ४१ वर्षीय फटिककुमार कार्कीलाई उनकै घरबाट राखेको मिनी चाइनिज पेस्तोलको गोली २ राउण्ड, त्यसको म्याग्जीन १ थान र खुकुरी १ थान सहित प्रहरीले पक्राउ गरेको छ । निज कार्कीले मादक पदार्थ सेवन गरी आफ्नै श्रीमतीलाई धारिलो हतियार प्रहार गरेको भन्ने जानकारी प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय बिराटनगरबाट खटी गएको प्रहरीले आइतबार उक्त हतियार फेला पारी उनलाई नियन्त्रणमा लिएको हो । निजकी श्रीमतीको शरीरका बिभिन्न भागमा सामान्य चोट लागेको पाइएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### सुनसहित चिनियाँ पक्राउ

काठमाडौं । अवैध रूपमा ल्याएको सुनसहित एक चिनियाँ नागरिकलाई प्रहरीले पक्राउ गरेको छ । त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल गौरचणमा एअर चाइनाको उडानद्वारा चीनको छिन्दु हुँदै काठमाडौं आएका चिनिया नागरिक राहदानी नम्बर ई ००१००९८६ वाहक कौजेइझौमालाई ४ थान सुनको साधारण वाला र २ थान विस्कुट आकारको सुन गरी जम्मा ३ हजार ग्राम सुनसहित सोमबार पक्राउ गरिएको छ । अनुसन्धानको क्रममा बरामद सुन बिमानस्थल भन्सार कार्यालयमा राखिएको छ भने अभियुक्त महानगरीय प्रहरी प्रभाग कोटेश्वरको थुनामा रहेका छन् ।

### हातहतियार बरामद

चितवन, १९ मंसिर । भरतपुर महानगरपालिका-५ स्थित सिमलको रूखमुनी झाडीमा लुकाई राखेको अवस्थामा १ नाल कटुवा पेस्तोल, १ राउण्ड एसएलआरको गोली र १५ ग्राम गनपाउडर सोमबार प्रहरीले फेला पारी बरामद गरेको छ । शंकास्पद बस्तुको खोजी कार्य अभियान अन्तर्गत ३ नम्बर प्रदेश प्रहरी कार्यालयको तालिम प्राप्त कुकुर समेतले खोजी गर्दै जाने क्रममा उक्त हातहतियार फेला परेको हो ।

### सहायक मतदान अधिकृतको मृत्यु

कैलाली । बेहोस भएर एक जना सहायक मतदान अधिकृतको मृत्यु भएको छ । गौरीगंगा नगरपालिका-११ स्थित कालिका प्रावि शिवपुर 'ख' मतदान केन्द्रमा खटिएका सहायक मतदान अधिकृत जिल्ला प्रशासन कार्यालय कैलालीका नायव सुब्बा बाजुराको बढिमालिका बस्ने २६ वर्षीय यज्ञलाल उपाध्याय सोमबार अचानक बेहोश भएपछि उपचारको लागि धनगढीतर्फ लैजादै गर्दा उनको बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

### भवनको पर्खाल भत्कँदा मृत्यु

रूपन्देही । बुटवल उपमहानगरपालिका-११ मितेरी पथस्थित गोपाल पोखरेलको निर्माणाधिन अपार्टमेण्ट भवनको पर्खाल शनिबार अकस्मात भत्कँदा लेवर काम गर्ने भारत घर भएका ६५ वर्षीय भिखारी महतोको लुम्बिनी सिटी अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको छ । घाइते भएका दाङको गोबरडिहा गाउँपालिका-२ बस्ने २९ वर्षीय बुद्धिराम चौधरी र दाङकै देउखुरी-२ बस्ने १९ वर्षीय यूना चौधरीको उपचार भइरहेको छ । यस सम्बन्धमा प्रहरीबाट आवश्यक अनुसन्धान भइरहेको छ ।

### राजपाका कार्यकर्ताहरू एमालेमा प्रवेश

रौतहट । रौतहट जिल्लाको राजदेवी नगरपालिका वार्ड नंबर ३ बसतपुरमा राजपा नेपालका कार्यकर्ताहरू पार्टी परित्याग गरी नेकपा एमालेमा प्रवेश गरेका छन् । राजेश दासको अध्यक्षतामा भएको पार्टी प्रवेश कार्यक्रममा राजपाका प्रमोद दास, मोसाफिर दास, दर्शन राउत, विन्देश्वर राउत, मनोज श्रीवास्तव लगायत ५० जनाले पार्टी प्रवेश गरेका छन् । राजपा परित्याग गरी एमालेमा प्रवेश गरेकालाइ एमाले क्षेत्र नम्बर १ का सहसंयोजक शम्भू साहले अविर माला लगाएर स्वागत गरेका थिए । कार्यक्रममा बाम गठवन्धनका नेता चन्देश्वर राउत, अवध विहारी साह, मुनिन्द्र ठाकुर, राजेन्द्र साह उपस्थित रहेका थिए ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

बाँके । बैजनाथ गाउँपालिका-४ बस्ने १३ वर्षीया बालिकालाई उनकै घरको भान्सा कोठामा जबरजस्ती करणी गरेको अभियोगमा कोहलपुर नगरपालिका-१ बस्ने ७२ वर्षीय बिसर चौधरीलाई बुधबार प्रहरीले पक्राउ गरेको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।


**एउटै उद्देश्य – एउटै नारा**

**भ्रष्टाचारबाट छुटकारा**

**हामी सबैको अभिभारा ।**

**नेपाल सरकार**

**सूचना तथा सञ्चार मन्त्रालय**

**सूचना विभाग**

## विश्व परिवेश

# पाकिस्तानलाई सामानहरू अफगानिस्तानमा पठाउन दिने विज्ञको सुझाव

**-मंजूर अहमद**

वाशिंगटनस्थित अलब्राइट स्टोनब्रिज संगठनका दक्षिण एशिआई विश्लेषक एवं विज्ञ उजैर एम.योनुसले पाकिस्तानलाई भारतप्रति राखेको वर्तमान आफ्नो नकरात्मक नीति र दृष्टिकोणलाई त्यागेर दिल्ली-काबुल व्यापारीक मार्ग संचालन गर्न दिएको खण्डमा मात्र चीन-पाकिस्तान इकोनोमिक कोरीडोर (सि.पी.इ.सी.) योजनाबाट अपेक्षित लाभ लिन सक्नुका साथै मध्य एशियामा समेत आफ्नो पहुँच बनाउन सक्छ भन्ने सल्लाह दिनु भएको छ। त्यसो गरेको खण्डमा एकातिर अफगानिस्तान भएर जाने सि.पी.इ.सी. योजनाबाट भारत-अफगानिस्तान व्यापार सफल हुन सक्छ भने भारत र अफगानिस्तानबाट एक्लिन पुगेको पाकिस्तान समेतले त्यस क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने हुँदा पाकिस्तान सरकारले अफगानिस्तानमा भारतीय सामानहरू ओसार-पोसार गर्ने स्वीकृती दिएर इस्लामाबाद समेत हाल एक्लिन पुगेको अवस्थाबाट अघि सर्दै आफ्नो व्यपार समेत त्यस क्षेत्रमा विस्तार गर्न सक्नेबारे कराचीको 'डान' पत्रिकाले समेत महत्वपूर्ण सुझाव दिएको छ। पाकिस्तानी सेनाले जनमास्तिष्कमा 'राष्ट्रिय सुरक्षा' सम्बन्धी जुन प्रकारको गलत अवधारणा निकालेको छ त्यसले गर्दा केही पाठकहरूले समेत त्यसलाई अनुकूल नहुने प्रतिक्रिया दिए पनि त्यस राजनीतिले क्षेत्रीय व्यापारमा कुनै प्रतिकूल असर पर्दैन। योनुसको त्यस सुझावप्रति भारत मात्रले होइन कि त्यस क्षेत्रका चीन तथा इरान लगायतका अन्य देशहरूले समेत समर्थन जनाएको छ। योनुसले पाकिस्तानको अदूरदर्शी नीतिले क्षेत्रीय व्यापारलाई ज्यादै प्रतिकूल परिस्थितिमा पुऱ्याई दिएको छ। एकातिर भारतीय सामानहरू आफ्नो भू-भाग भएर अफगानिस्तानमा प्रवेश गर्न नदिएको कारण अफगानिस्तानमा भारतबाट निर्यात हुने सामानहरूको चर्को मूल्य अफगानिस्तानले तिर्नु परेको छ भने भारतको ट्रकहरू बगाह मार्गबाट रित्तै फर्किने गरेको छ, त्यस्तै अफगानिस्तानले भारतबाट आयात गर्नु पर्ने सामानहरूका लागि लामो दूरीको मार्ग प्रयोग गर्न बाध्य हुनुका साथै त्यस्तो प्रतिबन्धात्मक स्थितिले अफगानिस्तानले भारतबाट खरीद गर्ने सामानहरूका लागि बढी मूल्य समेत तिर्नु परेको छ, जसको फलस्वरूप अफगानिस्तानमा पाकिस्तान विरोधी जनभावनालाई प्रश्रय दिएको छ। पछिल्लो महिनामा अफगान सरकारले समेत अफगानिस्तान भएर जाने पाकिस्तानी ट्रकहरूलाई प्रवेश गर्नमाथि



प्रतिबन्ध लगाउनुको कारण पाकिस्तानले डुरण्ड रेखा भएर अफगानिस्तानको ट्रकहरूलाई प्रवेश गर्न नदिएकोले त्यस्तो गरेको आरोप लगाएको थियो। योनुसले पाकिस्तानले चीनलाई आफ्नो सदाबहार मित्र भने पनि क्षेत्रीय व्यापार सहयोगको दृष्टिले सो क्षेत्रमा चीनले 'बेल्ट एण्ड रोड इनिसियटीभ' (वी.आर.आई.) लाई प्रवर्द्धन गर्दै अमेरीकी ५० बिलियनको व्यापार समेत फस्टाउन सकेको छैन ? काबुलले सार्वजनिक गरेको तथ्याङ्क उल्लेख गर्दै योनुसले यो स्पष्ट गरेका छन् कि अफगानिस्तानले भारतमा गरेको निर्यात सन् २०११ मा अमेरीकी ७० मिलियन मात्र रहेकोमा सन् २०१६ मा २३० मिलियन सम्म बढेर २२७ प्रतिशत बढी सकेको छ भने त्यसै अवधिमा भारतबाट हुने आयात अर्थात सन् २०११ मा रहेको आयात १०३ मिलियन सन् २०१६ मा १५२ मिलियन सम्म पुगी ४७ प्रतिशत समेत बढ्न गएको छ। योनुसले त्यस बारे आफ्नो टिप्पणी यस प्रकार सार्वजनिक गरेका छन् - "त्यस बैकल्पिक मार्गले अफगानिस्तान-इरान-भारत सम्बन्धलाई अघि बढाउनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भने पाकिस्तान त्यस क्रममा एक्लिन पुग्नेछ। यो पनि विशेष उल्लेखनीय छ कि सन् २०११ देखि २०१६ सम्मको अवधिमा अफगानिस्तानमा इरानबाट भएको निर्यात अमेरीकी ५८१ मिलियनबाट १.३ बिलियन बढेर ११८ प्रतिशत बढ्न गएको छ।" उनले यो पनि चेतावनी दिएका छन् कि पाकिस्तानले बगाहको स्थल मार्ग भएर भारतलाई कारोबार गर्न नदिएको खण्डमा पाकिस्तानले सि.पि.इ.सी. लाई मध्य एशियाको प्रवेशद्वारको रूपमा प्रयोग गर्ने योजना समेत खतरामा पर्न जानेछ त्यसैले त्यो मार्ग अफगानिस्तान भएर जानै पर्छ। अफगानिस्तानका राष्ट्रपति अशरफ घानीले हालै भन्नु भएको छ कि भारतलाई त्यस मार्गलाई उपयोग गर्न नदिएसम्म उनको देश पनि सि.पी.इ.सी. मा सहभागी हुने छैन। त्यस सम्बन्धमा योनुसले यसरी स्पष्ट पारेका छन् :- "जबसम्म त्यस्तो सम्झौता हुँदैन तबसम्म सि.पि.इ.सी. वापत पाकिस्तान आवश्यक रूपले तिर्नु पर्ने पारवहन शुल्क वापतको बिलियनो डलर राशि भुक्तानी गर्न पाकिस्तानका लागि नै जोखिमपूर्ण हुन जानेछ।"

भारतले इरानको सहकार्यमा १०० कि.मी. को दूरीमा रहेको ग्वादार भन्ने चाबहार बन्दरगाह सम्बन्धमा पाकिस्तानमा हुँदै आएको छलफल सम्बन्धमा समेत उनले यस प्रकार टिप्पणी गरेका छन् :- "पाकिस्तानी नेतृत्वले चाबहारलाई ग्वादारको प्रतिस्पर्धी ठाने पनि चीनले त्यसलाई कुनै खास महत्व दिएको छैन। वास्तवमा भन्ने हो भने चिनियाँ अधिकारीहरूले त्यसलाई आफ्नो 'वान बेल्ट वान रोड (ओबोर)' योजनामा इरानलाई एक महत्वपूर्ण सहभागीका रूपमा रहेको उल्लेख गरेका छन्।" योनुस भन्छन् कि पाकिस्तानी नीति निर्माताहरू काबुलको स्थल मार्गको मागलाई संचालित गर्नेतिर उल्लेखनीय पहल गर्नमा असमर्थ रहेपनि कसैले पनि अपेक्षा गर्न सक्छ कि चाबहार भएर बिलियनौ डलर सामानहरू अफगानिस्तान र मध्य एशियामा कारोबार हुनेलाई चीनले समेत प्रोत्साहित नै गर्नेछ। उनले पाकिस्तानी अधिकारीहरूको चीन उसको सदाबहार भित्र रहेकोले त्यसमा आरोध नगर्ने हास्यास्पद तर्कमाथि टिप्पणी गर्दै सन् २०११ देखि २०१६ को अवधिमा चाबहार भएर अफगानिस्तानबाट पाकिस्तानमा अमेरीकी १८० मिलियनबाट २८३ मिलियनको निर्यातमा ५७ प्रतिशत वृद्धि भएको छ भने पाकिस्तानबाट अफगानिस्तानमा अमेरीकी ८७७ मिलियनबाट १.२ बिलियन आयात भै ३७ प्रतिशत वृद्धि भै सकेको छ।

योनुसले दक्षिण एशिआई क्षेत्र विश्वको जनसंख्याको झण्डैले एक चौथाईहरूको आवासगृह हुनुका साथै संसारमा तेजीसाथ अघि बढ्न थालेको एक क्षेत्र भएको समेत उल्लेख गरेका छन् भने प्रारम्भिक अवस्थामा रहेका यस क्षेत्रका निवासीहरू विश्वमा आफ्नो ऐतिहासिक योगदान देखाई आफ्नो स्थान ओगट्न इच्छुक रहेका छन् तैपनी आफ्ना सबै उपादेयताका बाबजूद दक्षिण एशिया अतिकम समावेशी स्थलका रूपमा रहँदै आएको छ। विश्व बैंकका अनुसार अन्तर क्षेत्रीय व्यापारमा दक्षिण एशियाको कुल व्यापारमा यसको सहभागिता ५ प्रतिशत मात्र रहेको छ, यसको तुलनामा अन्य क्षेत्रको व्यापार कुल व्यापारको एक चौथाई भन्दा माथि रहेको छ। योनुस भन्छन - "यसलाई आश्चर्य मान्नु पर्दैन किनकी दक्षिण एशिया खासगरीकन भारत र पाकिस्तानबीचको भू-राजनीतिक तनाब र अतिखास र विवादको इतिहासका कारण यसको व्यापक आर्थिक समावेशीकरण र प्रगति हुन सकेको छैन।" यस क्षेत्रका नीति निर्माताहरूको अदूरदर्शी दृष्टिकोणले अफगानिस्तान र पाकिस्तान बीचको असहजीकरणका कारण अफगानिस्तानले स्थल मार्गबाट भारतीय बजारसम्म पुग्न सकेको छैन र त्यस नीतिले अफगानिस्तानलाई भारतसँग व्यापार सम्बन्ध विस्तार गर्ने प्रक्रियाहरू सबैलाई अवरोधित तुल्याई दिएको छ ? त्यस अवरोधले गर्दा भारत र अफगानिस्तानले इरानको रणनीतिक व्यवहार बन्दरगाह भएर हवाई मार्गद्वारा अफगानिस्तानमा पहिलो पटक भारतीय गहुँ उपलब्ध गराउनु परेको बाध्यताले भारतको उपयुक्त योजना भएको कारण भारतले 'ओबोर' को तीव्र विरोध गर्न थालेको छ।

यस तथ्यलाई अस्वीकार गर्न सकिदैन कि चीन भारतको सबभन्दा ठूलो व्यापारीक सहभागी रहेको छ र दुबै देशबीचको वार्षिक द्विपक्षीय व्यापार अमेरीकी ७० बिलियन भन्दा बढी रहेको छ। हुन त यस वर्षको ग्रीष्म ऋतुमा भारत-भूटानबीच डोक्लाममा भएमो अडानले गर्दा चिनियाँहरूले केही समस्याको सामना गर्नुपरे पनि व्यापार वृद्धि खासै असर परेन किनकी भारत एशिआई संरचनात्मक लगानी बैंक (एशिआई इन्फ्रास्ट्रक्चर इन्भेस्टमेन्ट बैंक) को संस्थापक सदस्य रहेको छ। चीनको लक्ष्य बृहत्तर क्षेत्रीय व्यापार तथा सहयोगलाई अघि बढाउन व्यापारलाई सहज बनाउने आवश्यक संरचना विकास गर्नु रहेको छ भने भारत यस क्षेत्रको सबभन्दा ठूलो आर्थिक संरचना भएकोले चीनले पनि क्षेत्रीय व्यापारमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने कुरो आत्मसात गरी सकेको छ। यो व्यापारीक मार्गहरू पाकिस्तान भएर संचालित हुँदै इरान भएर पनि अर्को वैकल्पिक मार्ग समेतबाट संचालित व्यापारबाट राजश्व आर्जित गर्नेछ। त्यसैले इस्लामाबादले मध्य एशियामा सामानहरू प्रवाहित गर्न स्थल मार्ग भएर भारतलाई पूर्ण सहूलियत प्रदान गर्नै पर्छ। *–एजेन्सी*

## पत्रपत्रिकाबाट...

# गठबन्धनको राजनीति : देश, लोकतन्त्र र जनतालाई चुनौती

देश र जनताप्रति जिम्मेवार र उत्तरदायी रही राजनीतिक दलहरूले देश-निर्माण र विकासका साथै लोककल्याणकारी भावनाले प्रेरित भै जनजीवनलाई सुखी तुल्याउने काम कारबाहि गर्नु पर्नेमा नेपालका राजनीतिक दलहरू राजनीतिमा लाग्नेहरूका निहित स्वार्थपूर्ति गर्न निमित्त निरन्तररूपमा सत्तालिप्सामा संलग्न रहँदै आएका छन् ? नेपालको अन्तरिम संविधान, २०६३ बमोजिम नेपालका ३३० सदस्य रहेको एक सदनात्मक अन्तरिम विधयिका रूपमा व्यवस्थापिका-संसदको व्यवस्था गर्ने र संविधान सभाको निर्वाचन पश्चात् संविधान सभाले नै व्यवस्थापिका-संसद समेतको भूमिका निर्वाह गर्ने व्यवस्था गरिएको थियो। तर संविधानसभाको मिति २०७२/०५/३० को बैठकबाट पारित भै मिति-२०७२/०६/०३ मा संविधानसभा अध्यक्षबाट प्रमाणित र सोहि मितिमा राष्ट्रपति डा.रामवरण यादवबाट घोषित गरिएको नेपालको संविधान, २०७२ बमोजिम ६०१ सदस्यीय संविधानसभाका राजनीतिक दलहरूका सदस्यहरूले प्रतिनिधिसभा, राष्ट्रिय सभा र प्रदेशसभा समेत गरी देशमा ८८४ जना संसद सदस्य रहने व्यवस्था सो नेपालको संविधानले गरेको छ। एकातिर ६०१ संसद बढी भएको भनिरहेको अवस्थामा पुनः ८८४ जना सांसदको संख्या थप्नुबाट नेपालका राजनीतिक दलहरूले देश र जनता माथि आफ्नो प्रभुत्व बनाई राख्ने क्रममा निरन्तर संलग्न रहेको छ भने अर्कातिर लोकतान्त्रिक आचरणको बिल्कुलै विपरीतको प्रक्रिया अपनाई लोकतान्त्रिक गठबन्धन र वाम गठबन्धन निर्माण गरी देश र जनताको असली शासक बनी रहने उद्देश्यले देशका तमाम जनतालाई अविवेकी ठानेर आफ्ना तामाम विसंगति र विकृतिपूर्ण गतिविधिहरू संचालन गर्न उद्यत रही देशभरमा दुई चरणमा (२०७४ मंसिर १० र मंसिर २१ गते) प्रतिनिधिसभा र प्रदेशसभाका सदस्यहरूको निर्वाचनबाट पुनः आफ्नै दलीय वर्चश्व अक्षुण्ण राख्न भरमग्दूर छद्वेशी प्रपंचहरू गर्दै आएको छ ?

अर्को सबभन्दा उल्लेखनीय पक्ष के भने २०४६ सालको जनआन्दोलन भन्दा पूर्व दुई छाक ठीकसँग खान नहुने, लुगा-फाटासमेत लगाउन धौ-धौ पर्ने तथा गोडामा चप्पल लगाउन औकातसम्म नभएका नेपालका राजनीतिककर्मीहरू राजनीतिकको निरापद, अनियन्त्रित र निरंकुश एवं स्वेच्छाचारी व्यापारमा लागेपछि साढे दुई दशकको अवधिभित्र नै अरबपति सम्म बनि सकेका छन्, जसको प्रत्यक्ष प्रमाण यस पटकको निर्वाचनमा सरकार, निर्वाचन आयोग र उम्मेदवारको मार्फतगरी निर्वाचनमा रू.४३ अर्ब खर्च हुनेमा उम्मेदवारहरूबाट मात्र रू.२३ अर्ब खर्च गरिनेबाट यो छर्लङ्ग हुन आएको छ कि राजनीतिक दल तथा त्यसका शीर्ष नेताहरू देश र जनताको भरपूर शोषण गरेर खुदै देशका अधिपति र मालिक बनी रहन निरन्तर समस्त प्रकारका अवाञ्छित गतिविधि र क्रियाकलापहरू गर्दै आउनुलाई लोकतान्त्रिक चरित्रका साथै जनजीवनको कल्याण र देशको निर्माण र विकास कार्य भनी घोर कुत्सित प्रचारवाजी गर्दै आएका छन् ?

अब नेपाली जनतासँगै विश्व समुदायलेसमेत प्रायः राम्ररी बुझीसकेको छ कि लोकतान्त्रिक गणतन्त्रको पुनस्थापना पश्चात् नेपालका लोकतान्त्रिक भनिने दलहरूले साढे दशक पश्चात्को अभ्यास पश्चात् पनि लोकतान्त्रिक आचरण गर्न सकेका छैनन्, देश र जनताप्रतिको जिम्मेवारी र उत्तरदायित्व बहन गर्नुको सट्टा तिनीहरू दलीय निहित स्वार्थ पूर्ति तथा सत्तालिप्साप्रति नै दत्तचित्त भएर लोका छन्, जसको प्रत्यक्ष प्रमाणका रूपमा हालै गठन गरिएका तथा कथित लोकतान्त्रिक गठबन्धन र वाम गठबन्धन भन्ने दुई समूहलाई लिन सकिन्छ। स्मरणीय छ कि पहिला एमाले नेतृत्वको सरकारमा नेकमा माओवादी समेत शामेल भएर सरकार संचालन गरेको थियो भने त्यस पछिको नेपाली कांग्रेस नेतृत्वको सरकारमा समेत माओवादी केन्द्र शामेल भएर सरकार संचालन गरेको थियो। यसबाट के स्पष्ट हुन्छ भने माओवादी केन्द्र कांग्रेस र एमाले दुबैका सहकर्मी रहेको छ। हाल आएर लोकतान्त्रिक गठबन्धन र वाम गठबन्धन भन्ने दुई वटा राजनीतिक समूहको गठनबाट यो स्वतः स्पष्ट हुन आएको छ कि लोकतान्त्रिक भनौं वाम भनौं, दबै गठबन्धनको एकमात्र उद्देश्य पालै-पालो सत्तासीन रहि आफ्नो निहित स्वार्थ पूर्ति गर्न निमित्त सत्तामा बनी रहनु मात्र हो ? तिनीहरूलाई न जनजीवनको कल्याणसँग मतलब छ न देश-विकास र निर्माणसँग कुनै मतलब छ ? यस प्रकार गहिरिएर विश्लेषण गर्दा नेपालमा, लोकतान्त्रिक चरित्रको कुनै राजनीतिक दल नभएकोले, लोकतन्त्रको कुनै उपादेयता रहन गएको छैन। लोकतन्त्रमा नाम दलतन्त्र फस्टाएर राजनीतिक दल तथा त्यसका शीर्ष नेताहरूले नेपाली जनताको निरन्तर शोषण गर्दै देशलाई खाल्डोमा पुऱ्याउने काम मात्र गर्दै आएको छ र त्यसै क्रम प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन सम्पन्न गर्न योजना बनाई २०७४ मंसिर १० गते पहिलो चरणको निर्वाचन सम्पन्न भै सकेको छ भने दोस्रो चरणको निर्वाचन २०७४ मंसिर २१ गते सम्पन्न गर्ने कार्यक्रम रहेको छ।

अन्तमा, नेपाली जनताले अब त्यस चुनौतिको घडीमा कुनै राजनीतिक दल तथा त्यसका नेताहरूको बहकावमा नआई स्वविवेकले आफ्नो भलो गर्ने उम्मेदवारहरूलाई मत दिएर विजयी गराउनेतिर ध्यान केन्द्रित गर्नु परेको छ। विगत साढे दुई दशकको प्रत्यक्ष अनुभूतिबाट जनताले राम्ररी बुझि सकेका छन् कि चाहे लोकतान्त्रिक गठबन्धन होस चाहे वाम गठबन्धन-दबैको एकमात्र उद्देश्य जनतालाई दिग्भ्रमित पारेर आ-आफ्नो दुनो सोझ्याउनु मात्र रहेको छ। जनता प्रति प्रेम, मोह-माया, त्याग, समर्पण र केही गर्ने भावना कुनै पनि राजनीतिक दलमा रहेको छैन, त्यसैले त्यस्ता राजनीतिक दलका प्रत्याशीलाई आफ्नो मत दिएर विजयी तुल्याउनुको अर्थ स्वयं आफ्नो गुलामीलाई निरन्तरता दिई आ-आफ्ना सन्तति समेतलाई खाल्डोमा पुऱ्याउने मात्र हुनेछ। देश र जनताका लागि समर्पित हुन सक्ने वा रहन सक्ने प्रत्याशी र उम्मेदवारहरूलाई विजयी बनाएमा मात्र नेपाली जनता र नेपालको कल्याण हुने कुरालाई कसैले बिर्सनु हुँदैन। राजनीतिक दल र त्यसका नेताहरूले दिएको चुनौतिलाई जनताले तिरस्कार गरी तिनीहरूलाई सबक सिकाउनु जरूरी भै सकेको छ, त्यसमा देशका कुनै क्षेत्रका जनताले चुक्नु हुँदैन ? यही नै अहिलेको माग हो र त्यसै अनुरूप गर्नु नै असल प्रतिफलको परिचायक समेत हो।

## जिल्ला समाचार

### १०६ वर्षीया वृद्धाद्वारा मतदान

बारा। बारामा एक सय ६ वर्षीया वृद्धा मतदाता पवित्रा उपाध्यायले मतदान गरेकी छन्। जिल्लाको क्षेत्र नम्बर ४ अन्तर्गत पर्ने जीतपुरसिमरा उपमहानगरपालीकाको औराहा मतदान केन्द्रबाट उपाध्यायले मतदान गरेकी हुन्। उनलाई ६५ वर्षीय छोरा होमनाथ उपाध्याय र ४५ बर्षे नाती टिका पौडेलले बोकेर मतदानस्थलसम्म पुर्याएका हुन्। उपाध्यायले मतदान गरेको मतदान केन्द्रमा ४५ मिनेंट अबेरबाट मतदान सुरू भएको थियो। विहान ७ बजे नैं मतदान गर्न छोरा नातीको साहाराले आएकी उपाध्याय करिब आधा घण्टा मतदान स्थलमा प्रतिक्षा गर्नु परेको उनका नाती टिका पौडेलले जानकारी दिए। बाराका केही मतदान स्थल बाहेक सबै मतदान केन्द्रमा विहान ७ बजेबाट नैं मतदान सुरू भएको छ। जिल्ला निर्वाचन कार्यालय बाराका अनुसार जिल्लाका तीन सय तीन मतदान स्थलबाट कुल ३ लाख ४९ हजार ९ सय ४७ मतदाता निर्वाचनमा सहभागी हुँदै छन्। निर्वाचन शान्त र भयरहित बनाउँन बारामा पाँच हजार बढी सुरक्षा कर्मी खटाईएको छ। जिल्लाका ४ निर्वाचन क्षेत्रमा ४ प्रतिनिधि सभा सद्स्य र ८ प्रदेश सभा सद्स्यका लागी आज निर्वाचन हुँदै छ।पूर्वमन्त्री पौडेलले गौरीशंकर मतदानकेन्द्रबाट गरे मतदान सोहि क्रममा प्रदेश र प्रतिनिधि सभाको निर्वाचनका दिन आज एमालेका नेता तथा पूर्व युवा तथा खेलकुद मन्त्री पुरूषोत्तम पौडेलले मतदान गरेका छन्। उनले मतदान गरेसँगै गौरीशंकर मतदान केन्द्र निजगढ वडा नं.९ मा मतदान सुरू गरिएको हो। उनले आज जनताले आफ्नु भाग्य आँफै लेख्ने दिन रहेकोले जनताले हाम्रोलाई होइन राम्रोलाई भोट दिने बताए।

### सप्तरीमा १०३ वर्षीया वृद्धाद्वारा मतदान

राजविराज। प्रतिनिधि र प्रदेशसभा सदस्य निर्वाचनअन्तर्गत सप्तरीको राजविराजमा १०३ वर्षीया वृद्धाले मतदान गरेकी छन्। राजविराज नगरपालिका-७ निवासी सोमनीदेवी जोशीले राजविराजस्थित जिल्ला खेलकुद विकास समिति मतदान केन्द्रमा मतदान गरेकी छन्।

### राजपाद्वारा शहीद परिवारलाई सम्मान

जलेश्वर। राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलीय संयोजक महन्थ ठाकुर र वरिष्ठ उपाध्यक्ष रानी शर्मा तिवारीले मधेश आन्दोलनका शहीद परिवारलाई सम्मान गरेका छन्। प्रचार प्रसारको अन्तिम दिन सोमबार महोत्तरीको बखरीमा घरदैलो कार्यक्रम गर्दै जाँदा शहीद अमित कापरका आमालाई दोसल्ला ओढाई सम्मान गरेका छन्। ठाकुरले शहीदको बलिदानी खेर नजानेसमेत बताए। यसअघि पनि राजपा नेपालले आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गर्दै जलेश्वरमा शहीद परिवारलाई ५० लाख रूपैयाँ उपलब्ध गराउने घोषणासमेत गरेको थियो। चुनावपछि गठन हुने मधेश सरकारको तर्फबाट सो रकम उपलब्ध गराउने अध्यक्षमण्डलका सदस्य राजेन्द्र महतोले बताएका थिए।

### पक्राउ परेकालाई बचाउनका लागि दान संकलन

बाँके। प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनको विरूद्धमा नोट भोटको प्रचार प्रसार गर्ने क्रममा पक्राउ परेका स्वतन्त्र मधेश गठबन्धनका कार्यकर्तालाई रिहा गर्नका लागि दान संकलन गरिएको छ। नो भोट को प्रचारमा नेपालगंज उपमहानगरपालिका वार्ड २३ निवासी वेद प्रकाशको रिहाईका लागि गाउँगाउँमा 'पाँच रूपैयाँ दान वेद प्रकाश के नाम' भनी दान संकलन कार्य रियाज अंसारीको अगुवाईमा भइरहेको छ। वेद प्रकाश र रौतहट ,सिरहा, सप्तरी, महोत्तरी र मोरङ जिल्लाबाट गिरफ्तार स्वराजी रिहाईको लागि बाँके जिल्लाको विभिन्न स्थानमा हरपाल सिंह सिख र राम मनोहरको नेतृत्वमा नेपाल सरकारको पुत्ला विरोध स्वरूप दहन गरिएको छ। बाँके जिल्लाको दक्षिण क्षेत्रमा सेनाको टंयाकसहित गस्ती परिचालन गरिएको छ। अनावश्यकको प्रहरी परिचालनले गाउँलेहरू सशंकित छन्।

### दुर्घटनामा २ जना भारतीय नागरिकको मृत्यु

राकेश यादव, रौतहट। रौतहट जिल्लामा भएको छुट्टा छूटै दुर्घटनामा २ जना भारतीय नागरिकको मृत्यु भएको छ भने दुर्घटना पारी ६ जना घाइते भएका छन्। शनिवार रति करीव ९ बजेको समयमा राजपा फोरमको चुनाव प्रचारबाट आउदै गरेको बीआर ०१ पीबी ३९३३ नम्बरको भारतीय बोलेरो जीप स्थानीय बौधीमाई नगरपालिका वार्ड नंबर ८ स्थित भकुवा खोलामा दुर्घटना हुदा चालक भारत पूर्वी चम्पारण जिल्लाको घोड़ासहन अन्तर्गत बीजवनि गाउ निवासी ३५ वर्षीय गोपाल यादवको मृत्यु भएको हो। दुर्घटनामा परी राजपुर नगरपालिकाको तारकेश्वर साह ,राजेन्द्र साह,जगरनाथ साह ,नगेश साह र गिरधारी साह घाइते भएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायव उपरीक्षक रामकुमार दानीले जानकारी दिएका छन्। यस्तै शनिवार विहान करीब ९ बजेको समयमा गौर नगरपालिका वार्ड नम्बर १ स्थित मुख्य सड़कमा सफारी गाडीको ठक्करवाट पैदल यात्रु भारत बैरगनियाको सिन्दुरिया निवासी ४० वर्षीय महजिद मंसूरीको मृत्यु भएको छ।

### खुला दिशामुक्त गाविस घोषणा

रौतहट। रौतहट जिल्लाको माधव नारायण नगरपालिका वार्ड नम्बर ४ साविक विशुनपुर्वा मानपुर गाविस एक समारोह विच ३९ औ खुल्ला दिशामुक्त क्षेत्र घोषणा गरिएको छ। नगर स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समितिको आयोजनामा भएको समारोहमा जिल्ला समन्वय समितिका प्रमुख रामएकवाल राय यादवले सामूहिक प्रतिवद्धता पत्र उद्घघोष गर्दै वार्ड नम्बर ४ लाइ खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरेका हुन। घोषित वार्ड नगरपालिकाको ६४ औ वार्ड र साविक ३९ औ गा वि स रहेको छ। यूनिसेफको सहयोग र एकीकृत दिगो विकास नेपालको सहकार्यमा ५१० घरधुरीमा शौचालय निर्माण गराएका छन। शौचालय निर्माणको कार्य पूरा भएपछि सो वार्डलाइ एक समारोहका विचमा खुल्ला दिशा मुक्त क्षेत्र घोषणा गरिएको हो।

### विश्व अपाङ्ग दिवस सप्तरीमा पनि मनाइयो

चन्दनकुमार, राजविराज। सप्तरीमा पनि विभिन्न कार्यक्रम गरी विश्व अपाङ्ग दिवस मनाइएको छ। राजविराजमा आइतवार सगरमाथा अपाङ्ग कल्याण संघको कार्यालयमा आयोजित सो कार्यक्रममा अपांगहरूको समग्र बिकास शिक्षा, स्वास्थ, रोजगारी, पुर्नस्थापना गर्नु पर्नेमा जोड दिएका छन्। अपांग संघका अध्यक्ष बलदेब मण्डलको अध्यक्षतामा आयोजित कार्यक्रमा सहायक प्रमुख जिल्ला अधिकारी नरबहादुर थापा अपांगता भएका मानिसहरूले राज्य वाट पाउने समाजिक सेवा सुबिधाहरू पाईरहेकोले आउने दिन थप सेवासुबिधा र उनिहरूको पुरस्थापनका कार्यक्रमहरू आउने प्रतिबद्धता जनाएका थिए। सो अवसरमा बौद्धिक अपांग संघका अध्यक्ष सतिशचन्द्र झा, बौद्धिक अभिभावक अपाङ्ग संघका जगदिश अर्याल, नेपाल पत्रकार महासंघका सहसचिव चन्दन यादब, सेभ द सप्तरीका कार्यक्रम संयोजक गोपाल चौधरी,अपांग संघका,रामचन्द्र यादब लगायतले अपांगता भएका ब्यक्तीहरूलाई राज्यको मुलधारमा ल्याउनुपरनेमा जोड दिएका थिए। सो अवसरमा अपांगता भएका मानिहरूलाई अपांग संघले ४ जनालाई बैसाखी प्रदान गरेको थियो भने सेभद सप्तरीले अपांग बालवालीकाहरू स्टेशनरी सामग्री बितरण गरेका थिए।

### पिकअप दुर्घटनामा ११ घाइते

मोरङ। धनपालथान गाउँपालिका-६ कदमाहास्थित बिराटनगर-रंगेली सडक खण्डमा लोहन्द्रा खोलाबाट मलामी गई रंगेलीतर्फ गइरहेको को.१ च ८८४९ नम्बरको टाटा पिक अप जिप बुधबार बिजुलीको पोलमा ठोक्किन गई दुर्घटना हुँदा सोही ठाउँ बस्ने ६३ वर्षीय छेदीक पासवान समेत ११ जना घाइते भएका छन्। उनीहरूलाई उपचारको लागि नोबेल अस्पताल बिराटनगर लगिएको छ। घाइतेमध्ये १ जनाको अवस्था गम्भीर र अन्यको सामान्य रहेको छ। चालक फरार रहेकोले खोजी कार्य भइरहेको छ।

### महिला मृत फेला, पति पक्राउ

कपिलवस्तु। महाराजगंज नगरपालिका-१ पल्टा बस्ने २८ वर्षीया ललिता कुर्मी उनकै घरमा बुधबार मृत अवस्थामा फेला परेकी छन्। उनको मृत्यु शंकास्पद देखिएकोले अनुसन्धानको लागि उनका पति शिवकुमार कुर्मीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### आगलागीबाट ६० लाखको धनमाल क्षति

रूपन्देही। मायादेवी गाउँपालिका-३ गुरबनियास्थित श्याम प्लाईउड उद्योगमा बिहीबार बिजुली सर्ट भई आगलागी हुँदा करीब ६० लाख रूपैयाँ बराबरको धनमाल क्षति भएको छ। ईलाका प्रहरी कार्यालय बेथरीको प्रहरी टोली, दमकल र स्थानियवासीको सहयोगमा उक्त आगो नियन्त्रणमा आएको थियो।


परतन्त्रताको जीन्दगी भन्दा स्वतन्त्रताको मौत महान हुन्छ। परतन्त्रता बनाम स्वतन्त्रता नै आज मधेशको मुख्य राजनैतिक मुद्दा हो। अत: स्वतन्त्र तराईमा नेपाली निर्वाचनको सशस्त्र प्रतिरोध गरौं। **जयकृष्ण गोइत**


म प्रदेशको मुख्यमन्त्री अनि म, अनि म। केन्द्रका प्रभुत्वशाली ख्वामितको कृपाप्राप्त शक्तिपिपासु चतुरेको यो खैलाबैला। केन्द्रको शक्ति प्रदेशमा हस्तान्तरण हुनुपर्ने, जालीफटाहा पो हस्तान्तरण हुने भए। आवरण संघीयताको, मनपरी केन्द्रका उनै सनातनी ठालूको। यो अन्तहीन घनचक्कर। **खगेन्द्र संग्रौला**


मौनअवधि "मनीअवधि" बन्नसक्ने गम्भीर संकेत जताततै देखिएको छ। यसले दल र उम्मेदवारलाई क्षणिक लाभ त देला तर लोकतन्त्र मृत्युशैय्यामा पुग्नेछ। त्यसैले मतदाता बढी सचेत र सतर्क बनौं। स्मरण गरौं, तपाई हाम्रो मत किनवेचको वस्तु हैन स्वेच्छिक दान हो, त्यसैले "मतदान" भनिएको हो। **डा.बाबुराम भट्टराई**


चुनाव विरूद्ध भईरहेका विस्फोटनका घटना र मौन अवधिमा हुन सक्ने अनुचित कार्य दुवै निन्दनीय हुन्। सवै मतदाताले निस्पक्ष, भयरहित भएर भोट हाल्न पाउने वातावरण बनाउँ। निर्वाचनको सुनिश्चितताका लागि हामी सवै सक्रिय र चनाखो बनौं। यी निर्वाचन संविधान कार्यान्वयनको बाटोका मुख्यद्वार हुन्। **ओनसरी घर्ती मगर**


एता बामगठबन्धनका मुखिया ओलीजीले संविधान संशोधन हुँदैन, भन्नुहुन्छ, उत्ता, बाम गठबन्धनका मधेश केन्द्रित उम्मेदवारहरू प्रभु साह, मातृका यादव, रामचन्द्र झा, रघुविर महासेठहरू संविधान संसोधन गराउने वाचा सहित भोट मागको देखियो। हैन कुरा बाझिएन र ? **दीपेन्द्र झा**


धर्म परिर्वतनको आगोले कसैलाई लपेटेको छ भने, त्यो जनजाति समुदाय हो। धर्म परिर्वतनको खुलेआम पैरवी गर्ने केही पश्चिमा दातृ निकायहरूले जनजाति र मधेशीको मुद्दामा लगानी गरिरहेका छन्। जनजाति पछि सिध्याउने मधेशीलाइ हो। किनकी धर्म परिर्वतनको खेती गरिबी र अभावमा सप्रिन्छ। सावधान। **रन्जित तामाङ**


मधेशी, जनजाति, दलित मतदाताले विकास हैन निकासका लागि मतदान गर्ने हो। निकास भयो भने विकास आफै हुन्छ। पञ्चायतमा विकासको मूल फुटेन ? सर्वसाधारणले के भेटे ? अब सीमान्तकृतका अधिकार बारे चित्त दुखेको छ भने राजपा-संघीय समाजवादीलाई भोट, विकास, भ्रष्टाचार उन्मूलन र सुशासन चाहिएको छ भने विवेकशील साझा र नयाँ शक्तिलाई भोट विकल्पै विकल्प। **प्रमोद मिश्र**


बहुदलपछि निरन्तर सरकारको नेतृत्वमा रहेर केही गर्न नसकेको स्वीकार गर्दै बडे नेताजीहरू भन्छन् 'स्थिर सरकार नभएकाले सोचेजस्तो गर्न सकिएन।'तर म्यादी सरकारमा ७ महिना र ९ महिना मन्त्री र राज्यमन्त्री भएका मधेशी नेतालाई भने सोध्छन् 'पटकपटक सरकारमा जाँदा के गयौं ?' **जिउँदो मान्छे**


निधी र महतो दुवैको फयान हुँ म, मधेशवादी सवै नेता सहित प्रभु साह, मातृका यादव, प्रदिप गिरी र रामचन्द्र झाको समेत शुभचिन्तक हुँ, यिनीहरू समेत मधेश विरोधी होइनन्। तर, खस शासकका लागि संसदमा निधीको स्लो पवाइजनिङ्ग र महतोको ठेट फटकार मध्ये एक मात्र हुनेछ। लोकतन्त्र- चुनावी प्रतिस्पर्धा- हार जित, स्वीकार गरि हारेपनि जितेपनि जागिसकेको मधेशका लागि कसले के गर्ने ? भने विषय महत्वपुर्ण हो। **पुरन गुप्ता**


नेताले जनतालाई कहिले के पो दिए र ? जनताले मात्र दिइरहे कहिले भोट कहिले विश्वास त कहिले के। बल्ल नेताले दिने भएछन् त एउटा मंगल सुत्रभएपनि। किन नलिने ? दाइजोको वकालत गर्या हैन। **समा थापा**

## अध्यक्ष झाद्वारा सपथ ग्रहण



काठमाडौं। नेपाल दूरसञ्चार प्राधिकरणको अध्यक्षमा पुन: नियुक्त भएका दीगम्बर झाले पद तथा गोपनियताको सपथ ग्रहण गरेका छन्। अध्यक्ष झाले मंगलबार सूचना तथा सञ्चार मन्त्रालयमा पद तथा गोपनियताको सपथ ग्रहण गरी पुन: कार्यभार सम्हालेका छन्। झालाई नेपाल सरकारले गत कार्तिक २७ गतेको निर्णयानुसार दूरसञ्चार प्राधिकरणको अध्यक्षमा पुन: नियुक्त गरेको थियो।

## पर्सामा ६५ प्रतिशत मतदान

वीरगन्ज। प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा पर्सा जिल्लामा ६५ प्रतिशत मत खसेको छ। मुख्य निर्वाचन अधिकृतका अनुसार प्रतिशत केही घटबढ हुनसक्छ। दुई लाख ९९ हजार ५४ मतदाता रहेको जिल्लाका मतदाताले १७६ मतदानस्थल तथा ३५१ मतदान केन्द्रबाट आफ्नो मताधिकारको प्रयोग गरेका छन्। सबै मतदान केन्द्रमा शान्तिपूर्ण मतदान भएको छ। मतदानपछि अबेर रातिसम्म मतपेटिका सदरमुकाम वीरगञ्ज ल्याइने र शुकबार बिहानदेखि मतगणना हुने बताइएको छ।

## कैलालीमा ६७ प्रतिशत मतदान

धनगढी। प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचनमा कैलालीमा करिब ६७ दशमलव ५५ प्रतिशत मतदान भएको प्रारम्भिक जानकारी प्राप्त भएको छ। निर्वाचन सम्पन्न भएसँगै जिल्लाका अधिकांश मतदानस्थलबाट मतपेटिका संकलन गरेर सदरमुकाम धनगढी ल्याउने कार्य भइरहेको जनाइएको छ। जिल्लाका क्षेत्र नं ४ र नं २ का दुर्गम र भौगोलिक रूपले विकट क्षेत्रका मतदानस्थलका मतपेटिका भने शुक्रबार मात्रै आइपुग्ने जनाइएको छ। दुर्गम क्षेत्रका कतिपय मतपेटिका ढुवानीका लागि हेलिकप्टरको प्रयोग गर्ने तयारी गरिएको छ। दलीय सहमतिपछि मतगणना गर्ने तयारी गरिएको जनाएको छ।

## निल नितिन काठमाडौं आउँदै



काठमाडौं। बलिउड अभिनेता निल नितिन मुकेश काठमाडौं आउने भएका छन्। उनी ब्याटल अफ डिजेज नामक कार्यक्रमका लागि शुक्रबार नेपाल आउन लागेका हुन्। 'क्रियटो ए टू जेड'ले आयोजना गरेको डिजेहरूको ब्याटल दरबारमार्गको डेजाभू क्लबमा हुँदैछ। जसमा निल विशेष अतिथिको रूपमा रहनेछन्। डिजे ब्याटल नेपालमा पहिलो पटक हुन लागेको हो। उक्त ब्याटलमा काठमाडौं र भारतका १० डिजेले प्रतियोगितामा सहभागिता जनाउने आयोजक संस्थाले जानकारी दिएको छ। विशेष अतिथिको रूपमा आउन लागेका निल नितिन मुकेश सुपर हिट फिल्म 'गोलमाल अगेन'मा भिलेनको भूमिकामा देखिएका थिए।

## बाँकेमा ६० र रूपन्देहीमा ७० प्रतिशत मतदान

नेपालगन्ज। प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनमा बाँकेमा ६० प्रतिशतभन्दा बढी मतदान भएको छ। मुख्य निर्वाचन अधिकृत विष्णु सुवेदीले प्रारम्भिक प्रतिशतमा केही घटबढ हुन सक्ने बताए। मतदान केन्द्रबाट मतपेटिका संकलनको काम सकिएलगत्तै सर्वदलीय सहमतिका आधारमा मतगणना शुरू गरिने जनाइएको छ। मतगणना नेपालगन्जस्थित भेरी प्राविधिक शिक्षालयको सभाकक्षमा हुने व्यवस्था मिलाइएको छ। यसैगरी, प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचनमा रूपन्देहीमा ७० प्रतिशत मतदान भएको छ। रूपन्देहीका मुख्य निर्वाचन अधिकृत अध्योध्याप्रसाद भण्डारीका अनुसार जिल्लाका पाँच निर्वाचन क्षेत्रमा शान्तिपूर्ण रूपमा मतदान सम्पन्न भएको र प्रारम्भिक विवरणअनुसार करिब ७० प्रतिशत मत खसेको छ। शुक्रबार बिहानदेखि मतगणना शुरू गरिने छ। क्षेत्र नं १, २ र ३ को भैरहवा बहुमुखी क्याम्पस र क्षेत्र नं ४ र ५ को शैक्षिक तालिम केन्द्र बसडिलवामा मतगणना गरिनेछ।

## धनुषामा ७० प्रतिशत मतदान

जनकपुरधाम। धनुषा जिल्लामा प्रतिनिधि तथा प्रदेशसभा निर्वाचनको ७० प्रतिशत मतदान भएको भएको छ। शान्तिपूर्ण ढंगले सम्पन्न निर्वाचनमा शहरी क्षेत्रमा कम र ग्रामीण क्षेत्रमा अधिक मतदान भएको जनाइएको छ। मुख्य निर्वाचन अधिकृत कार्यालयका अनुसार मतगणना शुक्रबार बिहान ८:०० बजेदेखि शुरू हुनेछ।

## अत्याधुनिक टेलिसेन्टर स्थापना हुने

धनगढी। सूचना तथा सञ्चारमन्त्री मोहनबहादुर बस्नेतले कैलालीमा अत्याधुनिक टेलिसेन्टर स्थापना गरिने बताएका छन्। कर्मचारीसहित पाँच कम्प्युटर र अत्याधुनिक भवन रहने टेलिसेन्टरको स्थापनाले आमजनाता र सञ्चारकर्मीलाई सूचनामा पहुँच र सम्प्रेषणमा सहजता हुने बताए।

## आर्थिक समाचार

### एनएमबिलाई "बैंक अफ दी इयर"

काठमाडौं। एनएमबि बैंक 'बैंक अफ दी इउर २०१७' बाट सम्मानित भएको छ। लन्डनस्थित फाइनान्सियल टाइम्सले एनएमबिलाई उक्त सम्मान दिएको हो। उक्त अवार्ड नेपालका वाणिज्य बैंकमध्ये उत्कृष्ट भएकाले एनएमबिलाई दिइएको बैंकको विज्ञप्तिमा उल्लेख छ।

### इटहरीमा वाइवाइ सिटी

सुनसरी। वाइवाइको आइकन नुडल्स बारले इटहरीमा वाइवाइ सिटी सञ्चालनमा ल्याएको छ। सोमबार एक औपचारिक कार्यक्रमको साथ उक्त सिटी सञ्चालनमा ल्याएको हो। पूर्वीक्षेत्रमा पहिलो शाखाको रूपमा सञ्चालनमा ल्याएको कम्पनीले जनाएको छ। वाइवाइ सिटीमा इच्छा अनुसारका विभिन्न स्वाद लिन सकिने कम्पनीले जनाएको छ।

### सिटिजन्सको वेबसाइट सार्वजनिक

काठमाडौं। सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको अत्याधुनिक वेबसाइट सार्वजनिक भएको छ। उक्त वेबसाइटलाई www.ctznbank.com मा हेर्न सकिने छ। बैंकका अनुसार वेबसाइटलाई डायनामिक भर्सनमा स्तरवृद्धि गरिएको छ र अब बाट यसलाई कुनै पनि स्मार्ट फोनबाट सजिलै प्रयोग गर्न सकिने छ। वेबसाइटमा घरबाट नै खाता खोल्न मिल्ने, कर्जाको लागी आवेदन दिन मिल्ने तथा अरू अत्याधुनिक सुविधाहरू उपलब्ध छ।







मिथिला दर्शन टी.भी.
कार्यक्रम हेर्न नभुल्नु होला।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रबर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुन: प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ।

विशेष जानकारीका लागि सम्पर्क

**मोबाइल : ९८४३१४६४८८**

**कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि**

Email : bsmedia65@gmail.com


**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं